# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

# (सुदूरपश्चिम प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०८०/८१)




# नेपाल राष्ट्र बैंक

## धनगढी कार्यालय

## (२०८१ जेठ)

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ। त्यसै गरी ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैंङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ। साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ।

यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेलधुरा, अछाम र बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ। सो सर्वेक्षण तथा अन्तरक्रियाका क्रममा प्राप्त जानकारीका साथै कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय, मन्त्रालय एवम् सम्बन्धित परियोजना/उद्योग/प्रतिष्ठानबाट प्राप्त तथ्याङ्क प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०८०/८१ को सुदूरपश्चिम प्रदेशको अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु, मन्त्रालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान, सरोकारवाला निकाय तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। यसैगरी यो प्रतिवेदन तयार गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका उपनिर्देशक श्री झकेन्द्र बहादुर शाही र तथ्याङ्क संकलन तथा प्रतिवेदन लेखन कार्यमा अहोरात्र खटिने सहायक निर्देशकद्वय श्री ध्रुब कार्की र श्री भोजराज भट्ट, प्रधान सहायकद्वय श्री ललित कार्की तथा श्री अर्जुन बहादुर धामीलाई धन्यवाद दिन चाहन्छु।

सुबास आचार्य<br>
निर्देशक<br>
**नेपाल राष्ट्र बैंक**<br>
**धनगढी कार्यालय**

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **कार्यकारी सारांश** | | **क** |
| **परिच्छेद १** | **अध्ययन परिचय** | **१–२** |
| **परिच्छेद २** | **प्रदेशको तुलनात्मक स्थिति** | **३–९** |
| | २.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ अन्तर प्रदेश तुलना | ४ |
| | २.३ सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या | ७ |
| | २.४ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना | ७ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | **९–१६** |
| | ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | १० |
| | ३.२ कृषि उत्पादन | ११ |
| | ३.३ पशुपन्क्षी, माछा तथा वनजन्य उत्पादन | १३ |
| | ३.४ सिँचाइ | १४ |
| | ३.५ क्षेत्रगत कृषि कर्जा | १५ |
| | ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना | १५ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | **१७–१९** |
| | ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १७ |
| | ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १७ |
| | ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १८ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | **२०–२७** |
| | ५.१ पर्यटन | २० |
| | ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट | २१ |
| | ५.३ वित्तीय सेवा | २१ |
| | ५.४ फण्ड ट्रान्सफर | २३ |
| | ५.५ यातायात | २४ |
| | ५.६ सेवा क्षेत्र कर्जा | २४ |
| | ५.७ सहकारी | २५ |
| | ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना | २६ |
| **परिच्छेद ६** | **पुर्वाधार र रोजगारी** | **२८–३२** |
| | ६.१ पुर्वाधार क्षेत्र | २८ |
| | ६.२ प्रदेशका ठूला परियाजनाहरुको स्थिति | २८ |
| | ६.३ प्रदेश गौरवका आयोजनाहरुको स्थिति | ३० |

| | | | |
|---|---|---|---|
| | ६.४ | वैदेशिक तथा आन्तरिक रोजगारी | ३१ |
| | ६.५ | पुर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना | ३१ |
| **परिच्छेद ७** | **प्रादेशकि कार्यक्रम तथा योजना** | | **३३–३४** |
| | ७.१ | सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति | ३३ |
| | ७.२ | स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति | ३४ |
| **परिच्छेद ८** | **आर्थिक परिदृश्य** | | **३५** |
| | ८.१ | कृषि क्षेत्र | ३५ |
| | ८.२ | उद्योग क्षेत्र | ३५ |
| | ८.३ | सेवा क्षेत्र | ३५ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ३५ |

# तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका २.१: | सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्या विवरण | ७ |
| तालिका ३.१: | कृषि उपजले ढाकेको भू-क्षेत्र | ११ |
| तालिका ३.२: | प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन | १२ |
| तालिका ३.३: | प्रमुख पशुपन्क्षीजन्य उत्पादन | १४ |
| तालिका ४.१: | जिल्लागत औद्योगिक कर्जा प्रवाह | १८ |
| तालिका ५.१: | बैंक तथा वित्तीय संस्थाका शाखा | २१ |
| तालिका ५.२: | जिल्लागत निक्षेप तथा कर्जाको अवस्था | २२ |
| तालिका ५.३: | यातायात साधनको संख्या | २४ |
| तालिका ५.४: | सेवा क्षेत्र कर्जा प्रवाहको अवस्था | २५ |
| तालिका ५.५: | नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिती | २५ |
| तालिका ६.१: | सडक पूर्वाधारको स्थिति | २८ |
| तालिका ६.२: | प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण | ३० |
| तालिका ६.३: | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था | ३१ |
| तालिका ७.१: | सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण | ३३ |
| तालिका ७.२: | स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा) | ३४ |
| तालिका ७.३: | स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा) | ३४ |

# चार्टहरुको सूची


| | | |
|---|---|---|
| चार्ट २.१ | बृहत आर्थिक क्षेत्र अनुसार योगदान (प्रतिशत) चार्ट | ३ |
| चार्ट २.२ | वृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत हिस्सा (प्रचलित मूल्य) (प्रतिशतमा) | ४ |
| चार्ट २.३ | आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) | ५ |
| चार्ट २.४ | प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर | ५ |
| चार्ट २.५ | प्रदेशस्तरीय बृहत आर्थिक क्षेत्रको योगदान (प्रतिशतमा) | ६ |
| चार्ट २.६ | सुदूरपश्चिम प्रदेशको उत्पादनमा बृहत आर्थिक क्षेत्रको योगदान (प्रतिशतमा) | ६ |
| चार्ट ३.१ | प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) | १० |
| चार्ट ३.२ | प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा) | ११ |
| चार्ट ३.३ | प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा) | १२ |
| चार्ट ३.४ | सिंचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा) | १४ |
| चार्ट ३.५ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा) | १५ |
| चार्ट ४.१ | प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग | १७ |
| चार्ट ४.२ | औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा) | १८ |
| चार्ट ५.१ | घरजग्गा कारोबार अवस्था | २१ |
| चार्ट ५.२ | बैंक तथा वित्तीय संस्थाका शाखा संख्या | २२ |
| चार्ट ५.३ | निक्षेप तथा कर्जाको अवस्था (रु. अर्बमा) | २२ |
| चार्ट ५.४ | निक्षेपकर्ता तथा ऋणीहरुको संख्या | २३ |
| चार्ट ५.५ | जिल्लागत फण्ड ट्रान्सफरको अवस्था (रु. करोडमा) | २३ |
| चार्ट ५.६ | सेवा क्षेत्र कर्जा प्रवाह (रु. अर्बमा) | २४ |
| चार्ट ५.७ | नमुनाको रुपमा छनौट गरिएका सहकारीहरुको बचत तथा ऋणको अवस्था (रु. दश लाखमा) | २६ |
| चार्ट ७.१ | कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था (रु.अर्बमा) | ३३ |
| चार्ट ७.२ | आ.व. २०८०/८१ मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा) | ३४ |

# कार्यकारी सारांश

सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ वटै जिल्लाहरुको स्थलगत तथा गैर-स्थलगतरुपमा अध्ययन गरी आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## समष्टिगत आर्थिक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा ३.८७ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ भने आधारभूत मूल्यमा ३.५४ प्रतिशतले वृद्धि हुने अनुमान छ। त्यसैगरी, गत आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा र आधारभूत मूल्यमा क्रमश: १.९५ प्रतिशत र २.३१ प्रतिशतले वृद्धि हुने संशोधित अनुमान रहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको हिस्सा ७.१३ प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस प्रदेशको हिस्सा ७.० प्रतिशत रहेको थियो। त्यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आर्थिक वर्ष २०८०/८१ मा ३.४१ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आ.व.२०७९/८० मा १.५२ प्रतिशत रहने संसोधित अनुमान गरिएको छ।

## कृषि

१. समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र ४.६८ प्रतिशतले ह्रास आएको छ भने यस्ता बालीको उत्पादन ०.९२ प्रतिशतले बढेको छ।
२. समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी फापर र तेलहनको उत्पादन क्रमश २८.४१ प्रतिशत र २१.१६४ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, तरकारी उत्पादनमा ६.९० प्रतिशतले वृद्धि भएको छ भने फलफूल तथा मसला उत्पादन ३.१३ प्रतिशतले बढेको छ।
३. पशुजन्य उत्पादन अन्तर्गत दूध ८.५२ प्रतिशत, मासु ७.२९ प्रतिशत र अण्डा ४.११ प्रतिशतले बढेको छ।
४. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १०.९५ प्रतिशत हिस्सा कृषि क्षेत्रमा प्रवाहित भएको छ। आ.व.२०७९/८० को असार मसान्तको तुलनामा समीक्षा अवधिमा कुल कृषि कर्जा ८.०७ प्रतिशतले वृद्धि भएको छ।

## उद्योग

५. समीक्षा अवधिमा प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४९.९८ प्रतिशत रहेको छ।
६. औद्योगिक उत्पादनमध्ये समीक्षा अवधिमा रोजिन, चामल, साबुन र ईटाको उत्पादन वृद्धि भएको छ भने गँहुको पीठो, चिनी र तोरीको तेलको उत्पादनमा ह्रास आएको छ।
७. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १७.९४ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाहित भएको छ। औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८० असार मसान्तको तुलनामा ६.१८ प्रतिशतले घट्न गई रु.२५ अर्ब २२ करोड ९४ लाख पुगेको छ।

## सेवा

८. समीक्षा अवधिमा पर्यटकस्तरीय होटल तथा लजको संख्या ४.३५ प्रतिशतले बढ्न गई ४८ पुगेको छ भने होटल शैयाको संख्या १.०५ प्रतिशतले बढेर १ हजार ६ सय ३५ पुगेको छ।
९. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या १९.८६ प्रतिशतले बढेको छ भने रजिष्ट्रेशन राजस्व ३.३५ प्रतिशतले बढेको छ।
१०. यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्मको निक्षेप २०८० असार मसान्तको तुलनामा १.९१ प्रतिशतले बढेको छ भने कर्जा प्रवाह ७.२८ प्रतिशतले ह्रास आएको छ।

११. समीक्षा अवधिमा यातायात साधन संख्या २.७७ प्रतिशतले वृद्धि भई १ लाख ७२ हजार ६ सय २७ पुगेको छ ।

१२. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले कुल कर्जाको ७१.११ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाहित गरेका छन् ।

## पूर्वाधार र रोजगारी

१३. समीक्षा अवधिसम्ममा यस प्रदेशका विभिन्न जलविद्युत आयोजनाहरुबाट कुल १७१ मेगावाट विद्युत उत्पादन भएको छ ।

१४. समीक्षा अवधिमा यस प्रदेशबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या १० हजार ३ सय ८९ पुगेको छ जुन राष्ट्रिय संख्याको तुलनामा ३.०५ प्रतिशत हुन आउँछ । आर्थिक वर्ष २०८०/८१ फागुन मसान्तसम्म प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सुदूरपश्चिममा औषत रोजगारी दिन ६५.७७ रहेको छ भने जम्मा रोजगारी दिन ४७ हजार ४२२ पुगेको छ ।

## प्रादेशिक कार्यक्रम र योजना

१५. सुदूरपश्चिम प्रदेश सरकारको चालु खर्चतर्फ बिनियोजन भएको बजेट मध्ये समीक्षा अवधिमा १५.७६ प्रतिशत खर्च भएको छ भने पुँजीगत खर्चतर्फ बिनियोजन भएको बजेट मध्ये ११.९९ प्रतिशत खर्च भएको छ

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्था, आधार एवम् गुणस्तरको जानकारी प्राप्त भई आर्थिक विकास तथा स्थायित्व प्राप्त गर्न र आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दछ । नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक तथ्याङ्कमा (२०८० साउनदेखि २०८० पुष मसान्तसम्मको) आधारित रहेको छ ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक अध्ययन प्रतिवेदन तयार पार्ने गरिएकोमा "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" जारी भएपश्चात् प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको छ । विगत केही वर्षदेखि यस्तो प्रतिवेदन प्रदेशगत रुपमा तयार गर्ने गरिएको छ । सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, बझाङ, बाजुरा, अछाम, डोटी र कैलाली गरी जम्मा ९ जिल्लाहरु समेटेर प्रतिवेदन तयार गर्ने गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ । साथै, सुदूरपश्चिम प्रदेशमा वसन्ते मकैखेती विस्तार, नेपाल जिवनस्तर सर्वेक्षण २०७९/८० को नतिजा, रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट बिजुली उत्पादनको अवस्था लगायतको अध्ययन गरी यस पटकको प्रतिवेदनमा संलग्न गरिएको छ ।

नेपाल राष्ट्र बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैर-स्थलगत माध्यमबाट प्राप्त तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यो अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा र अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र र कृषि विकास निर्देशनालयबाट, पशुपंक्षी सम्बन्धी तथ्याङ्क भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट, सिँचाई सम्बन्धी तथ्याङ्क जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ । यसैगरी विद्युत पहुँचको तथ्याङ्क जिल्लास्थित विद्युत प्राधिकरणबाट लिईएको छ । उल्लिखित विभिन्न निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन, शिक्षा, स्वास्थ्य, विद्युत लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका १३ वटा उद्योगहरुको गैर-स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क यस बैंकको आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० वटा होटलहरुबाट स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घर/भवन स्थायी नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, घर जग्गा रजिष्ट्रेशन/राजश्व सम्बन्धी तथ्याङ्क मालपोत कार्यालय, सडक सञ्जाल सम्बन्धी तथ्याङ्क पूर्वाधार विकास कार्यालय र डिभिजन सडक कार्यालयहरुबाट लिइएको छ। यातायाततर्फ, सवारीसाधन संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका ९ वटा जिल्लाहरुबाट १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ। यसका साथै यस प्रदेशमा रहेका ५ वटा ठुला नगरपालिकाहरुको वार्षिक आय/व्यय (बजेट) को कार्यान्वयनको स्थिति समेत प्रस्तुत गरिएको छ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय तथा जिल्लास्थित पूर्वाधार कार्यालयहरुबाट लिइएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेबसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ। तथ्याङ्कको विश्लेषणको लागि व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने संक्षिप्त रुपमा वर्षभरि भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देश प्रादेशिक संरचनामा गईसकेपश्चात तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएको तथा तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य हालसम्म पनि जारी रहेकोले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन। यसका साथै, तथ्याङ्कमा नियमित अद्यावधिकता तथा समयमा प्राप्त नहुने समस्या पनि विद्यमान नै रहेको छ।

सेवा क्षेत्र अर्न्तगत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका होटल तथा लजहरुबाट पर्यटक सम्बन्धी उपलब्ध सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या तथा औषत बसाई) विवरणलाई नै आधिकारिकता मानी विश्लेषण गर्ने गरिएको छ।

विविध कारणले प्रदेशका ९ वटै जिल्लाहरुको स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्न नसकिएको र गैरस्थलगत माध्यमबाट समेत तथ्याङ्क संकलन गरिएकोले उक्त क्षेत्रहरुको यथार्थ वस्तुस्थिति बुझ्न सकिएको छैन।

तथ्याङ्क प्रदायक निकायहरुवाट समयमै तथ्याङ्क प्राप्त नहुने तथा प्राप्त तथ्याङ्कमा समेत एकरुपता हुन नसकेकोले प्रतिवेदन लेखन पूर्व निर्धारित समयमा सम्पन्न हुन सकेको छैन।


## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो वार्षिक अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम निर्देशित ढाँचामा तयार गरिएको छ। उक्त मार्गदर्शनले तोके बमोजिम रहेको यस प्रतिवेदनमा देहाय बमोजिमका ७ परिच्छेदहरु रहेका छन्।

| | |
|---|---|
| परिच्छेद १ | अध्ययन परिचय |
| परिच्छेद २ | प्रदेशको तुलनात्मक स्थिति |
| परिच्छेद ३ | कृषि क्षेत्र |
| परिच्छेद ४ | उद्योग क्षेत्र |
| परिच्छेद ५ | सेवा क्षेत्र |
| परिच्छेद ६ | पूर्वाधार र रोजगारी |
| परिच्छेद ७ | प्रादेशिक कार्यक्रम तथा योजना |
| परिच्छेद ८ | आर्थिक परिदृश्य |

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय अर्थतन्त्रको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.५४ प्रतिशत र उपभोक्ता मुल्यमा ३.८७ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरेको छ । साथै, अघिल्लो वर्ष २०७९/८० को आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.३१ प्रतिशत र उपभोक्ता मूल्यमा १.९५ प्रतिशत हुने संशोधित अनुमान रहेको छ । आर्थिक वर्ष २०७९/८० मा आधारभूत मूल्यमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको आर्थिक वृद्धिदर क्रमश: २.७२ प्रतिशत, १.४ प्रतिशत र २.३६ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदानको हिस्सा क्रमश: २४.४ प्रतिशत, १३.१ प्रतिशत र ६२.५ प्रतिशत हुने संशोधित अनुमान रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको २४.६ प्रतिशत, द्वितीय क्षेत्रको १२.५ प्रतिशत र तृतीय क्षेत्रको ६२.९ प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान गरिएको छ ।




*(सं : संशोधित अनुमान, प्रा : प्रारम्भिक अनुमान)*
*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*


चालु आर्थिक वर्षमा कृषि क्षेत्र (कृषि, वन र मत्स्य)को कुल मूल्य अभिवृद्धि (GVA) ३.०५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । त्यसैगरी, गैर-कृषि क्षेत्रको राष्ट्रिय अर्थतन्त्रमा योगदान ३.७५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । औद्योगिक वर्गीकरण अनुसार आर्थिक विकासका गतिविधिहरुको मापन गर्दा राष्ट्रिय तहमा कृषि, वन तथा मत्स्यपालनको योगदान सबैभन्दा बढी र पानी आपूर्ति, ढल तथा फोहोर व्यवस्थापनको योगदान सबैभन्दा कम रहने अनुमान छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर १.५२ प्रतिशत रहने संशोधित अनुमान रहेको छ भने आर्थिक वर्ष २०८०/८१ मा बृद्धि भई ३.४१ प्रतिशत कायम रहने अनुमान गरिएको छ । प्रदेशले चालु आर्थिक वर्षमा देशको कुल गार्हस्थ्य उत्पादनमा ७.१ प्रतिशत योगदान पुर्याउने अनुमान छ ।

बृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी ३३ प्रतिशत योगदान कृषि, वन, तथा मत्स्य क्षेत्रको र सबैभन्दा कम ०.१ प्रतिशत योगदान प्रशासनिक तथा सहयोगी क्षेत्रको रहने अनुमान छ । गत आ.व. २०७९/८० मा पनि कृषि क्षेत्रको योगदान अग्रस्थान (३२.४ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान र प्रशासनिक तथा सहयोगी क्षेत्रको योगदान अन्तिम स्थान (०.१ प्रतिशत) मा रहने संशोधित अनुमान गरिएको छ ।

**चार्ट २.२ : वृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत हिस्सा**





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.२ अन्तर प्रदेश तुलना

### *(क) कुल गार्हस्थ्य उत्पादनः*

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५७ खर्ब ४ अर्ब हुने अनुमान गरिएकोमा ३६.४ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको रु. २० खर्ब ७४ अर्ब हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४.३ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिव रु. २ खर्ब ४४ अर्ब हुने अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षजस्तै आर्थिक वर्ष २०८०/८१ मा पनि बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढि योगदान पुर्याउने प्रदेशहरूमा क्रमशः कोशी, लुम्बिनी, मधेस, गण्डकी र सुदूरपश्चिम प्रदेश रहेका छन् ।

चार्ट २.३ : आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

### *(ख) आर्थिक वृद्धि:*

कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर चालु आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा ३.८७ प्रतिशत अनुमान गरिएकोमा गण्डकी प्रदेशको आर्थिक बृद्धिदर सबैभन्दा बढी ४.५५ प्रतिशत र कर्णाली प्रदेशको बृद्धिदर सबैभन्दा कम ३.३९ प्रतिशत रहने अनुमान गरिएको छ ।

संशोधित अनुमान अनुसार गत आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको बृद्धिदर सबैभन्दा बढी ३.३ प्रतिशत रहन गयो भने मधेश प्रदेशमा सबैभन्दा कम १.५ प्रतिशत देखिएको छ । गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर १.५२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ३.४१ प्रतिशत रहने अनुमान गरिएको छ ।

चार्ट २.४ : प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

*(ग) क्षेत्रगत योगदान:*

आर्थिक वर्ष २०८०/८१ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशको ३५.३ प्रतिशत, उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १६.८ र सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७७.४ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ।

**चार्ट २.५ : प्रदेशस्तरीय बृहत आर्थिक क्षेत्रको योगदान (प्रतिशतमा)**





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमश: ३३.२ प्रतिशत, १२.५ प्रतिशत र ५४.३ प्रतिशत रहने अनुमान छ।

सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रमा विगत केहि वर्षदेखि संरचनागत परिवर्तन देखिएको छ । प्रादेशिक कुल ग्राहस्थ्य उत्पादनमा प्राथमिक र द्वितीय क्षेत्रको योगदान घट्दै गइरहेको देखिन्छ भने तृतीय क्षेत्रको योगदान बढ्दै गइरहेको देखिन्छ ।

**चार्ट २.६ : सुदूरपश्चिम प्रदेशको उत्पादनमा बृहत आर्थिक क्षेत्रको योगदान (प्रतिशतमा)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.३ सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या

सुदूरपश्चिम प्रदेशमा ९ जिल्ला रहेका छन् । भौगोलिक रुपमा सुदूरपश्चिम क्षेत्रमा अवस्थित हिमालदेखि तराईसम्म फैलिएको यस प्रदेशले नेपालको कुल भू-भागको १३.२३ प्रतिशत क्षेत्रफल (१९,५१६ वर्ग कि.मि.) ओगटेको छ । यस प्रदेशको पूर्वतर्फ कर्णाली र लुम्बिनी प्रदेश, पश्चिममा भारतको उत्तराखण्ड राज्य, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा भारतको उत्तर प्रदेश राज्य पर्दछन् । प्रशासनिक हिसाबले यस प्रदेशलाई ९ जिल्ला तथा १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाँउपालिका गरी ८८ स्थानीय तहमा विभाजन गरिएको छ । २०७८ सालको जनगणना अनुसार यस प्रदेशको कुल जनसंख्या २६,९४,७८३ रहेको छ। यसको विस्तृत विवरण देहायबमोजिम रहेको छ ।

**तालिका २.१ : सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्याको विवरण**

| जिल्ला | जनसंख्या २०६८ | | | जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| **दार्चुला** | ६३,६०५ | ६९,६६९ | **१,३३,२७४** | ६४,४२४ | ६८,८८६ | **१,३३,३१०** |
| **बैतडी** | १,१७,४०७ | १,३३,४९१ | **२,५०,८९८** | ११३,८६४ | १२८,२९३ | **२,४२,१५७** |
| **डडेलधुरा** | ६६,५५६ | ७५,५३८ | **१,४२,०९४** | ६५,८९३ | ७३,७०९ | **१,३९,६०२** |
| **कञ्चनपुर** | २,१६,०४२ | २३५,२०६ | **४,५१,२४८** | २४०,६८६ | २७३,०७१ | **५,१३,७५७** |
| **बझाङ** | ९२,७९४ | १,०२,३६५ | **१,९५,१५९** | ८८,४७० | १००,६१५ | **१,८९,०८५** |
| **बाजुरा** | ६५,८०६ | ६९,१०६ | **१,३४,९१२** | ६७,०७० | ७१,४५३ | **१,३८,५२३** |
| **डोटी** | ९७,२५२ | १,१४,४९४ | **२,११,७४६** | ९३,६०४ | १११,२२७ | **२,०४,८३१** |
| **अछाम** | १,२०,००८ | १,३७,४६९ | **२,५७,४७७** | १०५,३१९ | १२३,५३३ | **२,२८,८५२** |
| **कैलाली** | ३,७८,४१७ | ३९७,२९२ | **७,७५,७०९** | ४३३,४५६ | ४७१,२१० | **९,०४,६६६** |
| जम्मा | **१२,१७,८८७** | **१३,३४,६३०** | **२५,५२,५१७** | **१२,७२,७८६** | **१४,२१,९९७** | **२६,९४,७८३** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

सुदूरपश्चिम प्रदेशका ९ जिल्लाहरुमध्ये कैलाली जिल्लाको जनसंख्या सबैभन्दा बढी ९,०४,६६६ र दार्चुला जिल्लाको सबैभन्दा कम १,३३,३१० रहेको छ । बैतडी, डडेलधुरा, बझाङ, डोटी र अछाम जिल्लामा २०६८ सालको जनसंख्याको तुलनामा जनसंख्या घटेको छ भने अन्य जिल्लाहरुमा बढेको छ । २०७८ सालको जनगणना अनुसार कैलाली जिल्लाको जनसंख्या सबैभन्दा बढी १६.६२ प्रतिशतले बढेको छ भने अछाम जिल्लाको जनसंख्या ११.१२ प्रतिशतले घटेको छ ।

२०७८ सालको जनगणनाको अन्तिम प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्याको ९.२४ प्रतिशत हिस्सा रहेको यस प्रदेशको वार्षिक औषत जनसंख्या वृद्धिदर ०.५२ प्रतिशत रहेको छ । यसैगरी जनघनत्व १३९ जना प्रति वर्ग कि.मी रहेको छ जुन राष्ट्रिय जनगणना २०६८ मा १३१ जना प्रति वर्ग कि.मी. रहेको थियो । यस प्रदेशको जनसंख्यामा पुरुष १२,७२,७८६ र महिला १४,२१,९९७ रहेको छ । लैंगिक अनुपात सबैभन्दा बढी मधेश प्रदेशमा १००.५५ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम ८९.५१ प्रतिशत रहेको छ ।

## २.४ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना

### २.४.१ प्रादेशिक क्षमता र सम्भावना

- सुदूरपश्चिम प्रदेशको प्रमुख सम्भावना बोकेको क्षेत्र जलविद्युत हो । यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा लगायतका नदीहरुबाट विद्युत उत्पादन र प्रदेशमा सिंचाईको विस्तार गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । साथै, यस प्रदेशमा सौर्य र वायु उर्जा उत्पादनका आयोजनाको लागि पनि उत्तिकै सम्भावना रहेको छ ।

- सुदूरपश्चिम प्रदेशमा कृषिको क्षेत्रमा पनि प्रचूर सम्भावनाहरु रहेको छ। प्रदेशको झण्डै २७ लाख जनसंख्यामध्ये करिब ८० प्रतिशतको मुख्य पेशा कृषि रहेको छ[१] । सुदूरपश्चिम प्रदेश सरकारले तर्जूमा गरेको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) प्रभावकारी कार्यान्वयन गर्दै तराई तथा पहाडका जिल्लाहरुमा कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास गर्न सकेमा प्रदेशमा रोजगारी सिर्जनाका साथै गरिबी निवारणमा टेवा पुर्‍याउन सकिने देखिन्छ।

- तरकारी, फलफूल र जडीबुटी उत्पादनको सम्भावना रहेको यस प्रदेशमा Agribusiness मार्फत कृषि कच्चा पदार्थमा आधारित वस्तुहरुको उत्पादन, प्रशोधन तथा वितरण गर्न सके आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको ।

- यस प्रदेशको अर्को सम्भावना रहेको क्षेत्र पर्यटन हो। खप्तड, रामारोशन, अपी नाम्पा, सैपाल क्षेत्रमा आवश्यक पर्यटकीय पूर्वाधारको विकास र प्रचार प्रसार गर्न सकिएमा पर्यटन क्षेत्रबाट प्रदेशको विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ । बडीमालिका, मालिकार्जुन, त्रिपुरासुन्दरी, उग्रतारा, बैजनाथ, सिदनाथ, बेंहडाबाबा लगायत धार्मिक पर्यटकीय स्थलहरुको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिन्छ। साथै, यस प्रदेशमा साहसिक पर्यटन, बन्जि जम्प, जिपलाइनको सम्भावना समेत रहेको छ।

- दैजी छेला औद्योगिक क्षेत्र र कञ्चनपूरस्थित महाकाली पुल तथा सुख्खा बन्दरगाहको निर्माणमा तीव्रता दिन सके वैदेशिक व्यापारका साथै औद्योगिक विकासको प्रचूर सम्भावना रहेको छ।

- प्रदेशस्थित राष्ट्रिय गौरवका आयोजना रानी जमरा कुलरिया सिंचाई आयोजना, पश्चिम सेती जलविद्युत आयोजना तथा प्रदेश गौरवका आयोजनाहरु जस्तै सहजपुर-दिपायल-बोगटान सडक, खप्तड-मार्तडी सडक, सतबाझ-श्रीभावर सडक आदीको निर्माण तथा स्तरोन्नती कार्य तीव्र गतिमा अघि बढेमा आर्थिक गतिविधि थप विस्तार हुने सम्भावना रहेको ।

### २.४.२ प्रादेशिक चुनौती

- गरिबी, भौगोलिक विकटता र न्यून साक्षरता यस प्रदेशको मुख्य चुनौतीको रुपमा रहेका छ। राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको नेपाल जीवनस्तर सर्वेक्षण चौंथो (२०७९/८०) अनुसार नेपालमा प्रादेशिकरुपमा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा धेरै ३४.१६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको साक्षरता दर ७६.२ प्रतिशत रहेको छ । भौगोलिक विकटता तथा न्यून भौतिक पूर्वाधारका कारणले पहाडी तथा हिमाली जिल्लाहरुमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सुविधा पुर्‍याउन कठिन रहेको छ । यस क्षेत्रबाट उल्लेख्य रुपमा भारत जाने श्रमिकहरुलाई प्रदेशमै पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्नु चुनौतीपूर्ण रहेको छ।

- पर्याप्त सम्भावनाहरु हुँदाहुदै पनि कृषिको आधुनिकीकरण, औद्योगिकीकरण र व्यवसायीकरणका लागि आवश्यक पुँजी, ज्ञान, दक्ष जनशक्तिको अभाव रहेको छ । प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमध्ये ४६.१ प्रतिशत क्षेत्रफल सिँचाइको लागि आकाशे पानीमा भर पर्नु पर्ने अवस्था छ भने केवल २८.८ प्रतिशत क्षेत्रफलमा वर्षैभरि सिंचाई सुविधा उपलब्ध रहेको छ । कृषि उत्पादनहरुको सहज संकलन, भण्डारण र बजारीकरणको अभाव रहेको छ।

- जलवायु परिवर्तनका कारण सिर्जित खतराहरु यस प्रदेशको लागि चुनौतीको विषय रहेको। यस प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरु जलवायु परिवर्तनका प्रभावका दृष्टिले उच्च देखि न्यून संवेदनशिल छन् । बाजुरा र


[१] सुदूपश्चिम प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४)

बझाङ जिल्ला जलवायु परिवर्तनका प्रभावका दृष्टिले ज्यादै उच्च रुपमा संवेदनशिल, बैतडी, दार्चूला र कैलाली जिल्ला मध्यम संवेदनशिल, डोटी र अछाम सामान्य संवेदनशिल तथा कञ्चनपुर र डडेल्धुरा जिल्लाहरु न्यून संवेदनशिल वर्गमा पर्दछन् ।

- औद्योगिक क्षेत्रको विकासको गति न्यून रहेको सुदूरपश्चिम प्रदेशमा उद्यमशीलता प्रवद्धन गर्नु चुनौतीपूर्ण रहेको छ । नेपालमा दर्ता भएका कुल ठुला उद्योगमध्ये सुदूरपश्चिम प्रदेशमा सञ्चालन गर्न स्वीकृति पाएका उद्योग जम्मा १.५५ प्रतिशत रहेका छन् ।
- गुणस्तरीय स्वास्थ्य, शिक्षा, रोजगारीका अवसर तथा सहज जीवनका लागि हिमाली तथा पहाडी जिल्लाहरुबाट तराईमा भइरहेको तीव्र बसाईसराईका कारण खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति नियन्त्रण गर्नु चुनौतीको रुपमा रहेको छ ।

## बक्स १ : गरिबीको दर सुदूरपश्चिममा सबैभन्दा धेरै

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० को नतिजा बमोजिम गरिबीको दर सुदूरपश्चिम प्रदेशमा सबैभन्दा धेरै देखिएको छ। सर्वेक्षणका अनुसार नेपालमा गरिबको दर २०.२७ प्रतिशत रहेकोमा सुदूरपश्चिम प्रदेशमा भने ३४.१६ प्रतिशत रहेको छ। उक्त सर्वेक्षणले वार्षिक ७२ हजार ९ सय ८ रुपैयाँभन्दा कम उपभोग गर्ने व्यक्तिलाई गरिबीको रेखामुनि राखेको छ । २०६६/६७ मा सार्वजनिक तेस्रो जीवनस्तर सर्वेक्षणले नेपालको गरिबी २५.१६ प्रतिशत रहेको देखाएको थियो। २०७२ सालमा आएको विनाशकारी भूकम्प, कोरोना महामारी, युद्धलगायत राष्ट्रिय-अन्तर्राष्ट्रिय कारणले अपेक्षित रूपमा गरिबीको दर घट्न नसकेको देखिन्छ।




प्रदेशगत रुपमा हेर्दा सुदूरपश्चिम (३४.१६ प्रतिशत), कर्णाली (२६.६९ प्रतिशत) र लुम्बिनी (२४.३५ प्रतिशत) प्रदेशमा राष्ट्रिय स्तरभन्दा बढी गरिबी रहेको छ भने सबैभन्दा कम गरिबी रहेको प्रदेशहरुमा क्रमशः गण्डकी ( ११.८८ प्रतिशत), बागमती (१२.५९ प्रतिशत) र कोशी (१७.१९ प्रतिशत) रहेका छन् । यस सर्वेक्षणले असमानता मापनको लागि प्रयोग गरिने गिनी सुचकाङ्कको मान राष्ट्रिय रुपमा ०.३ रहेको देखाएको छ भने ग्रामीण र शहरी क्षेत्रको मान ०.२८७ र ०.३०३ रहेको देखाएको छ । यसले उपभोगमा ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रको असमानता धेरै भएको देखाउँछ ।

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय ।*

# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला)ले ढाकेको क्षेत्रफल ४.६८ प्रतिशतले ह्रास आएको छ। गत वर्ष यस्तो क्षेत्रफल १.१७ प्रतिशतले ह्रास आएको थियो।

**३.१.१ खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ५.७५ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा २.२७ प्रतिशतले ह्रास आएको थियो।

समीक्षा अवधिमा उखु, भटमास, दलहन र तेलहन आदीको क्षेत्रफल क्रमशः ०.५६ प्रतिशत, १.५७ प्रतिशत, ५.८५ प्रतिशत, र ९.२८ प्रतिशतले वृद्धि भएको छ भने धान, मकै, कोदो, फापर र आलुको क्षेत्रफल क्रमशः ३.१९ प्रतिशत, १७.४७ प्रतिशत, २८.०४ प्रतिशत, ८२.४९ प्रतिशत र १३.९४ प्रतिशतले ह्रास आएको छ।

**३.१.२ तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल ५.८९ प्रतिशतले बृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १०.६५ प्रतिशतले वृद्धि भएको थियो।

**३.१.३ फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला वालीले ढाकेको क्षेत्रफल ०.०४ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल ४.६४ प्रतिशतले वृद्धि भएको थियो।




*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय, सुदूरपश्चिम प्रदेश।*

**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३६.२० प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको सबैभन्दा कम ३.४७ प्रतिशत रहेको छ। समीक्षा अवधिमा तरकारी तथा वागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४३.९१ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.८३ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.८४ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम ३.२४ प्रतिशत रहेको छ।

तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र

| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | ११,९६५ | १,०७६ | ९४८ | ४.०४ | ४.२८ | ५.२३ |
| बैतडी | १८,५५७ | १,१२५ | ६५०.५ | ६.२७ | ४.४७ | ३.५९ |
| डडेलधुरा | १२,०३५ | ६६५ | २,४६८ | ४.०७ | २.६४ | १३.६१ |
| कञ्चनपुर | ७३,७४९ | ५,५५० | १,४२० | २४.९२ | २२.०५ | ७.८३ |
| बझाङ | १७,६२३ | ७२२.०० | १,२८८ | ५.९५ | २.८७ | ७.१० |
| बाजुरा | १०,२६२ | ४६० | १,०३० | ३.४७ | १.८३ | ५.६८ |
| डोटी | २३,१५८ | ३,८२० | २,१५२ | ७.८२ | १५.१८ | ११.८७ |
| अछाम | २१,४७४ | ६९९ | ५८८ | ७.२६ | २.७८ | ३.२४ |
| कैलाली | १,०७,१५१ | ११,०५२ | ७,५८७ | ३६.२० | ४३.९१ | ४१.८४ |
| जम्मा | २,९५,९७४ | २५,१६९ | १८,१३१.५ | १००.०० | १००.०० | १००.०० |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश ।*


## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन ०.९२ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा समग्र कृषि बालीको उत्पादनमा १५.२२ प्रतिशतले वृद्धि भएको थियो । समिक्षा अवधिमा यस प्रदेशको खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रमा ह्रास आएको कारण गत अवधिको तुलनामा उत्पादनमा ह्रास आएको देखिन्छ ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ०.३९ प्रतिशतले ह्रास आएको देखिन्छ । प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी फापर र तेलहनको उत्पादन क्रमशः २८.४१ प्रतिशत र २१.१६ प्रतिशतले वृद्धि भएको छ भने उखुको उत्पादनमा भने सबै भन्दा बढी १३.४७ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, अन्य बालीहरुमा धान, मकै, कोदो, आलु, भटमास र दलहनको उत्पादन क्रमशः २.७४ प्रतिशत, ४.४५ प्रतिशत, २.५८ प्रतिशत, ८.६३ प्रतिशत, १२.८३ प्रतिशत  र १३.२९ प्रतिशतले वृद्धि भएको छ ।

चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा)




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश ।*

जिल्लागत आधारमा बझाङ, बैतडी, डोटी, अछाम जिल्लामा खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ भने अन्य जिल्लाहरु बाजुरा, दार्चुला, कैलाली, कञ्चनपुर र डडेलधुरामा उत्पादनमा ह्रास आएको छ । यस्ता बालीहरुको

उत्पादन सबैभन्दा बढी बझाङ जिल्लामा १४.०३ प्रतिशतले वृद्धि भएको छ भने दार्चुला जिल्लामा १२.६३ प्रतिशतले ह्रास आएको छ ।

**३.२.२. तरकारी :** समीक्षा अवधिमा तरकारी उत्पादन ६.९० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा तरकारी उत्पादन ११.४८ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत आधारमा तरकारीको समग्र उत्पादन सबैभन्दा बढी कञ्चनपुर जिल्लामा ४६.६२ प्रतिशतले वृद्धि भएको छ भने डडेलधुरा जिल्लामा ५५.६१ प्रतिशतले ह्रास आएको देखिन्छ ।

**३.२.३. फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ३.१३ प्रतिशतले बढेको छ । यस समूह अन्तर्गत सुन्तला उत्पादन ५.४८ प्रतिशत, आँप उत्पादन २१.०९ प्रतिशत, केरा उत्पादन १२.५४ प्रतिशत र मसला उत्पादन ०.४९ प्रतिशतले वृद्धि भएको छ भने स्याउ उत्पादनमा १०.२२ प्रतिशतले र अन्य फलफूल उत्पादन ६.६७ प्रतिशत ह्रास आएको छ । गत वर्षको सोही अवधिमा फलफूल तथा मसला बालीको उत्पादन ६.० प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत आधारमा फलफूल तथा मसला बालीको समग्र उत्पादन डडेलधुरा, डोटी, कैलाली र कञ्चनपुर जिल्लाहरुमा वृद्धि भएको छ भने अन्य जिल्लाहरुमा ह्रास आएको देखिन्छ ।


**तालिका ३.२ : प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | ३४,६२१ | १३,१४५ | ५,२८८ | २.४५ | ४.४७ | ३.२० |
| बैतडी | ६२,८१२ | ७,१२० | २,५८७.३ | ४.४५ | २.४२ | १.५७ |
| डडेलधुरा | ४२,३६४.४ | ८,९०० | १३,९१२ | ३.०० | ३.०२ | ८.४२ |
| कञ्चनपुर | ५,८४,३६५.८४ | ८२,८६१ | २०,२५९ | ४१.३७ | २८.१५ | १२.२६ |
| बझाङ | ५७,५५७.५ | ९,२९८ | १२,३०४ | ४.०७ | ३.१६ | ७.४५ |
| बाजुरा | ३६,९४६.१५ | ५,०६० | ६,४२८ | २.६२ | १.७२ | ३.८९ |
| डोटी | ८८,१६६.३२ | ३०,८११ | २०,५९० | ६.२४ | १०.४७ | १२.४७ |
| अछाम | ५०,५९६ | १०,३३९.५ | २,२४२ | ३.५८ | ३.५१ | १.३६ |
| कैलाली | ४,५५,२५३.४ | १,२६,८५३ | ८१,५७२ | ३२.२३ | ४३.०९ | ४९.३८ |
| **जम्मा** | **१४,१२,६८२.६१** | **२,९४,३८७.५०** | **१,६५,१८२.३०** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश ।*

**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.३७ प्रतिशत र दार्चुला जिल्लाको सबैभन्दा कम २.४५ प्रतिशत रहेको छ ।

**चार्ट ३.३ : प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा)**




*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश ।*

त्यसैगरी, तरकारी तथा बागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४३.०९ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.७२ प्रतिशत रहेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४९.३८ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.३६ प्रतिशत रहेको छ ।

**बक्स २ : सुदूरपश्चिम प्रदेशमा वसन्ते मकैखेती विस्तार**

मकैको आयात प्रतिस्थापनसँगै agribusiness linkage स्थापित गर्दै किसानको आम्दानी वृद्धि गर्ने लक्ष्यका साथ सुदूरपश्चिम प्रदेशमा मकैखेती विशेष कार्यक्रम अन्तर्गत वसन्ते मकैखेती विस्तार भइरहेको छ । कैलाली र कञ्चनपुरमा अभियानकै रूपमा संचालन गर्न लागिएको वसन्ते मकैखेतीका लागि सरकारले बीउमा अनुदान, सिँचाइ, अन्य प्राविधिक सहयोग तथा वजारीकरणमा समेत सहयोग गरेको छ । मुख्यमन्त्री बृहत् तथा विशेष कार्यक्रममा समेटिएको वसन्ते मकैखेती पहिलो वर्ष कैलालीको गौरीगङ्गा, घोडाघोडी, कैलारी, जानकीनगर, लम्कीचुहा, टीकापुर र कञ्चनपुरको पुनर्वास, बेलडाँडी, बेलौरीलगायत क्षेत्रमा गरिएको छ ।



कैलाली जिल्लामा करिब ६०० हेक्टर र कञ्चनपुर जिल्लामा ४०० हेक्टरमा कृषि ज्ञान केन्द्रमार्फत कार्यान्वयन भइरहेको वसन्ते मकैखेती आगामी तीन वर्षभित्रमा थप क्षेत्रफलमा विस्तार गर्ने लक्ष्य छ । वसन्ते मकैखेतीको करिव ८० प्रतिशत उत्पादन दाना उद्योगमा खपत हुनेछ । हाल कैलाली, कञ्चनपुरमा सञ्चालनमा रहेका दाना उद्योगका लागि आवश्यक पर्ने मकैलगायतका कच्चा पदार्थ भारतबाट आयात गर्नुपर्ने अवस्था रहेको छ । आर्थिक वर्ष २०८०/८१ को नौ महिनामा भारतबाट गड्डाचौकी नाका हुँदै १७ करोड बराबरको ४५ लाख ८३ हजार किलो मकै भित्रिएको छ ।

*स्रोत: कृषि ज्ञान केन्द्र, कैलाली ।*

## ३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**३.३.१ पशुपन्छी उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन ८.५२ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा दूध उत्पादन ५.२३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादन ७.२९ प्रतिशतले बढेको छ भने अघिल्लो वर्षको सोही अवधिमा मासु उत्पादन ४.०९ प्रतिशतले बढेको थियो । मासुजन्य उत्पादनतर्फ कुखुरा तथा हाँसको मासु उत्पादन ८.८१ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन ९.१९ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन ३.७७ प्रतिशत, भैंसी/राँगोको मासु उत्पादन ५.१४ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा अण्डा उत्पादन ४.११ प्रतिशत, ऊन उत्पादन ७७.६८ प्रतिशत, छाला उत्पादन २.४० प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ४.०९ प्रतिशत र छाला उत्पादन ३.८४ प्रतिशतले बढेको थियो भने ऊन उत्पादन ०.६८ प्रतिशते घटेको थियो । समीक्षा अवधिमा माछा उत्पादन ३.३१ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन ३.६२ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ दाउरा र अन्य उत्पादन क्रमशः १४.८८ प्रतिशत र ३.३३ प्रतिशतले ऋणात्मक भएको छ भने औषधीजन्य वस्तु तथा काठ उत्पादन भने क्रमशः १२.४२ प्रतिशत र ७.५६ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा औषधीजन्य वस्तु र अन्य उत्पादन क्रमशः १५.८९ प्रतिशत र ०.१२ प्रतिशतले वृद्धि भएको थियो भने काठ र दाउरा उत्पादन क्रमशः ७०.६४ प्रतिशत र २७.७९ प्रतिशतले ह्रास आएको थियो।

**जिल्लागत स्थिति:** समीक्षा अवधिमा दुध उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५७.७३ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम १.४७ प्रतिशत रहेको छ। मासु उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५४.९८ प्रतिशत र डडेलधुरा जिल्लाको सबैभन्दा कम २.११ प्रतिशत रहेको छ। त्यसैगरी, अण्डा उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ६४.४१ प्रतिशत र डडेलधुरा जिल्लाको हिस्सा सबैभन्दा कम ०.३७ प्रतिशत रहेको छ।

**तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन २०८०/८१ (साउन-पुस)**


| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दुध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) |
| **दार्चुला** | ८,७०६ | १,१६३.४७ | २८१.५ | ५.१५ | ३.१२ | ०.४४ |
| **बैतडी** | ८,८०५ | १,५३७ | १,७९४.५ | ५.२१ | ४.१२ | २.७७ |
| **डडेलधुरा** | ४,२३२ | ७८५ | २३८.७० | २.५१ | २.११ | ०.३७ |
| **कञ्चनपुर** | ११,९८९ | ४,५५७.८ | ११,०९८ | ७.१० | १२.२३ | १७.१६ |
| **बझाङ** | २,४८५ | ३,०२२ | १,६५० | १.४७ | ८.११ | २.५५ |
| **बाजुरा** | १०,७७५ | १,६७० | ४८२ | ६.३८ | ४.४८ | ०.७५ |
| **डोटी** | १२,९९४ | १,४७५ | ३,८२०.०३ | ७.६९ | ३.९६ | ५.९१ |
| **अछाम** | ११,४२३ | २,५७२.५ | ३,६५६ | ६.७६ | ६.९० | ५.६५ |
| **कैलाली** | ९७,५३२ | २,०४९३ | ४१,६६९ | ५७.७३ | ५४.९८ | ६४.४१ |
| **जम्मा** | १,६८,९४१.०० | ३७,२७५.७७ | ६४,६८९.७३ | १०० | १०० | १०० |

*स्रोत: भेटेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय।*

## ३.४ सिँचाइ

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल ४.५६ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा सिँचित क्षेत्रफल ५.७० प्रतिशतले वृद्धि भएको थियो। यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ३७.०९ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ। कुल सिँचित क्षेत्रफलमध्ये २६.१० प्रतिशत कुलो र ६५.६७ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरीबाट ७.७२ प्रतिशत, बोरिङ्ग सिँचाई प्रणालीबाट ०.५१ प्रतिशत सिँचाइ भएको देखिन्छ।


**चार्ट ३.४ : सिंचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**




*स्रोत: जिल्लास्थित जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८० पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०८० असार मसान्तको तुलनामा ८.०७ प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ४० करोड २४ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २०.८३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी पशुपालन/पशु बधशालामा २०.३१ प्रतिशत प्रवाह भएको छ भने सबैभन्दा कम ०.००१ प्रतिशत सनपाट शीर्षकमा प्रवाह भएको छ।




*स्रोतः नेपाल राष्ट्र बैंक।*

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश १०.९५ प्रतिशत रहेको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश ६६.३० प्रतिशत, कञ्चनपुरको २०.८७ प्रतिशत, डडेलधुरा, डोटी, दार्चुला, बझाङ, अछाम, बैतडी, तथा बाजुराको अंश क्रमशः ३.४६ प्रतिशत, २.१४ प्रतिशत, १.८३ प्रतिशत, १.७१ प्रतिशत, १.५२ प्रतिशत, १.४० प्रतिशत र ०.७७ प्रतिशत रहेको छ।

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु

### चुनौतीहरुः

- कृषि कर्जा, कृषि बीमा, कृषि अनुदान सम्बन्धी पर्याप्त ज्ञानको अभावले सो सुविधा नलिएका कृषकहरुलाई कृषि व्यवसायको जोखिम न्यूनीकरण तथा कृषि लगानीको सुरक्षाको प्रत्याभूति दिने, अनुदान वितरण कार्यलाई थप व्यवस्थित गर्ने तथा अनुदान वास्तविक किसानसम्म पुऱ्याउने।
- कृषि क्षेत्र तथा पशुपालनमा बीमा कम्पनीहरुको आकर्षण कम रहेको सन्दर्भमा बीमामा कृषकहरुको पहुँच बढाउने। कृषकलाई बीमा साक्षरताको अभाव हुनाका साथै कृषिबीमा कार्यमा मूल्याङ्कन तथा क्षतिपूर्ति यकीन गर्ने प्रक्रिया लामो तथा झन्झटिलो हुने गरेकाले कृषि न्यूनीकरण गर्ने जोखिम कार्य चुनौतीको रुपमा रहेको छ।
- चाहिएको समय र परिमाणमा गुणस्तरीय बीउवीजन र मलखाद उपलब्ध गराई सो सम्बन्धी आपूर्ति प्रणाली सुदृढीकरण गर्दै स्वदेशमै उत्पादित बिउ र मलखादको प्रवर्द्धन मार्फत् आत्मनिर्भरता बढाउनु। साथै विषादीहरुको जथाभावी प्रयोग न्यूनीकरण गर्न आवश्यक रहेको।
- खेतीयोग्य जमिनलाई लिज एवम् करार खेतीमार्फत प्रयोगमा ल्याई कृषि उत्पादन तथा उत्पादकत्व बढाउनु।
- राष्ट्रियस्तरमा नै अपेक्षित उन्नत बीउवीजनको ५ प्रतिशत मात्र औपचारिक क्षेत्रबाट आपूर्ति भएको अवस्थामा प्रदेशमा स्थानीय कृषकहरुलाई आफ्नै क्षेत्रमा समयमै गुणस्तरीय बीउवीजन उपलब्ध गराउने एवम् बीउको बढ्दो मागको आपूर्ति गर्ने, उत्पादन वृद्धि गर्ने, बीउ सम्बन्धी पूर्वाधार सुदृढीकरण गर्ने, विचौलियाको प्रभुत्व हटाउने। साथै, मलखादमा आत्मनिर्भरता बढाई गुणस्तरीय मलखादको समुचित उपयोग वृद्धि गर्ने।

- सक्रिय श्रमशक्तिलाई प्रदेश भित्रै कृषि व्यवसायमा संलग्न गराई सक्षम वातावरण सिर्जना मार्फत बसाई सराई कम गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
- असंगठित रुपमा स्थानीय स्तरमा उपलब्ध जडिबुटी तथा औषधीजन्य विरुवाको संकलन एवं व्यापारका मुद्दाहरु, भारतबाट अवैध रुपमा आयात हुने वस्तुका कारण प्रदेशका कृषक तथा व्यापारीमा पर्ने समस्या जस्तै स्वदेशी केरा बजारमा आएको समयमा भारतको केरा पनि आयात हुदाँ नेपाली कृषकहरूले सस्तोमा बेच्नु पर्ने समस्या निराकरण गर्नु ।
- प्रदेशको कृषि विकास रणनीति र वार्षिक बजेट तथा कार्ययोजना समयमै कार्यान्वयन गर्नु ।

**सम्भावनाहरु:**

- संघीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र सुदूरपश्चिम प्रदेश सरकारबाट सञ्चालित मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रमले कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण भई उत्पादन तथा उत्पादकत्व वृद्धि हुने ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेलधुरा जिल्लामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेलधुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनले प्रदेश यी प्रमुख बालीहरुमा आत्मनिर्भर भई निर्यात समेत प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको ।
- बगर खेती, जैविक खेती, बनस्पती खेती, कुरिलो, घ्यूकुमारी, अमला, बेल, रुद्राक्ष जस्ता बनस्पति खेतीलाई प्रोत्साहन गरी युवा लक्षित कृषि कार्यक्रमहरु प्रोत्साहन गर्न सकिने ।
- सुदूरपश्चिम प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) को निर्माण हुनु ।
- व्यवसायिक कृषि विकासका लागि करार खेती प्रणालीको विकास हुनु ।
- यस प्रदेशमा उत्पादन भईरहेका कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आवद्ध गर्दै उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सिर्जना र वृद्धि गर्न सकिने ।
- प्रदेशलाई बिउमा आत्मनिर्भर बनाउन र आयात प्रतिस्थापन गर्न किसान समूह, किसान सहकारीमार्फत खाद्यान्न र तरकारी बालीको बिजवृद्धि कार्यक्रम सञ्चालन हुनु ।


# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, ईटा, रोजिन एण्ड टर्पेन्टाईन लगायतका उद्योगहरु दर्ता रहेकोमा १२ वटा उद्योगहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ ।

समीक्षा अवधिमा यस प्रदेशको नमूना छनौटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४९.९८ प्रतिशत छ । समीक्षा अवधिमा चिनी, ईंटा, र कंक्रिट उत्पादन गर्ने उद्योगको अधिकतम क्षमता उपयोग भएको देखिएको छ। तोरीको तेल, चामल, गहुँको पिठो र साबुन उत्पादन गर्ने उद्योगको औषत क्षमता उपयोग भएको छ भने रोजीन उत्पादन गर्ने उद्योगको क्षमता उपयोग न्यून रहेको छ । रोजिन उत्पादन गर्ने उद्योग कामदारहरुको अभाव, कच्चा पदार्थ संकलनमा भएको ढिलाई, उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको कारण उत्पादन न्यून हुन गएको छ ।

अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार ३ सय २० जना रहेको छ । रोजगारीमा आबद्ध महिला तथा पुरुषको अंश क्रमशः १३.४८ प्रतिशत र ८६.५२ प्रतिशत रहेको छ भने २३ प्रतिशत भारतीय नागरिकहरुले समेत यस क्षेत्रमा रोजगारी पाईरहेका छन् ।





*स्रोत: अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु ।*

समीक्षा अवधिमा रोजिन १२३.२४ प्रतिशत, चामलको ५४.६९ प्रतिशत, साबुनको ५९.९० प्रतिशत र ईटाको १५०.० प्रतिशतले उत्पादन वृद्धि भएको छ । त्यसैगरि, गँहुको पीठो, चिनी र तोरीको तेलको उत्पादनमा भने क्रमशः २४.५ प्रतिशत, ३.१८ प्रतिशत र ३०.४६ प्रतिशतले घटेको छ। यस्ता वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग घटेको कारण उत्पादनमा ह्रास आएको देखिन्छ ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८० पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८० असार मसान्तको तुलनामा ६.१८ प्रतिशतले घट्न गई रु.२५ अर्ब २२ करोड ९४ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १३.४७ प्रतिशतले बढेको थियो। कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित भएको कर्जाको अंश १७.९४ प्रतिशत रहेको छ । समीक्षा अवधिसम्ममा कुल औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी १०.८७ प्रतिशतले वृद्धि भएको छ भने गैर खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा सबैभन्दा बढी १०.०९ प्रतिशतले ह्रास आएको छ ।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ४०.२२ प्रतिशत, गैर खाद्यवस्तु सम्बन्धी उद्योगमा २८.५३ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २२.१४ प्रतिशत, धातुको उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा ६.९९ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगमा १.१० प्रतिशत र खानीसम्बन्धी उद्योगमा १.२३ प्रतिशत अंश रहेको छ ।

**तालिका ४.१ : जिल्लागत औद्योगिक कर्जा प्रवाह**

| जिल्ला | औद्योगिक कर्जा प्रवाह (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| बाजुरा | ४७.६१ | ०.१९ |
| बझाङ | ५९.२३ | ०.२३ |
| दार्चुला | १०४.२१ | ०.४१ |
| बैतडी | ९१.६९ | ०.३६ |
| डडेलधुरा | ३९३.५७ | १.५६ |
| डोटी | १८९.२६ | ०.७५ |
| अछाम | १४५.३७ | ०.५८ |
| कैलाली | २०१३७.२१ | ७९.८२ |
| कञ्चनपुर | ४०६१.२५ | १६.१० |
| **जम्मा** | २५२२९.४० | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७९.८२ प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको अंश सबैभन्दा कम ०.१९ प्रतिशत रहेको छ । यसैगरी, कञ्चनपुर, डडेल्धुरा, डोटी, दार्चुला, अछाम, बैतडी तथा बझाङको अंश क्रमश: १६.१० प्रतिशत, १.५६ प्रतिशत, ०.७५ प्रतिशत, ०.४१ प्रतिशत, ०.५८ प्रतिशत, ०.३६ प्रतिशत र ०.२३ प्रतिशत रहेको छ ।

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरु:

- समग्र मागमा कमी, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी आदि उद्योग सञ्चालनका लागि मुख्य चुनौतीको रुपमा रहेको ।

- स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको उपयोग गर्नुका साथै, स्वदेशी श्रमशक्तिको दक्षता अभिवृद्धि गर्नु ।
- मुलतः प्रदेशका दुर्गम क्षेत्रहरुमा गरिबीको दुष्चक्र हटाई बढ्दो आय संगै बचत र लगानी बृद्धि गरी उद्योग तर्फ लगानी आकर्षित गर्नु ।
- हाल सञ्चालनमा रहेका उद्योग तथा कलकारखानाहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने वातावरणको निर्माण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । अधिकांश उद्योगहरुको उत्पादन क्षमता उपयोग न्यून देखिएकोले त्यस्ता उद्योगहरुलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनको लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार सुनिश्चित गर्नु चुनौतीपूर्ण रहेको छ ।
- भारतसँगको खुला सीमा नाकाको कारण हुन सक्ने सम्भावित भन्सार छली, पैठारी जस्ता कार्यहरू नियन्त्रण गरी स्थानीय उत्पादन, व्यवसाय तथा उद्योग प्रवर्द्धन गर्नु ।
- स्वदेशी उत्पादनको स्तर वृद्धि गरी भारतीय बजारबाट आयात हुने वस्तुसँग प्रतिस्पर्धा गर्नु ।

**सम्भावनाहरुः**

- डोटी, डडेलधुरा, बैतडी, दार्चुला, बझाङ तथा बाजुरा जिल्लामा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिवुटी यार्सागुम्बा, पाँचऔले, झ्याउ, भुतकेश, भोजपत्र, झ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, दारुहल्दी, तितेपाती, गुच्ची च्याउ, कुमकुम, सिकाकाई, सतुवा, कुटकी, काफलबोक्रा, ओखरबोक्रा, धुपिपात, अलैची, अमला आदि प्रशोधनका लागि जडिवुटी प्रशोधन उद्योग स्थापना गर्न सकिने ।
- कैलाली र कञ्चनपुर जिल्ला कृषि उत्पादनका लागि उर्वर भएका कारण कृषिमा आधारित उद्योगहरु (विशेषतः धान, गँहु, दलहन तथा नगदेबाली) को स्थापना गर्न सकिने ।
- डडेलधुरा, बैतडी तथा डोटी जिल्लामा प्रशस्त मात्रामा भटमास खेती हुने भएकाले ती जिल्लाहरुमा भटमास प्रशोधन उद्योगको स्थापना गर्न सकिने ।
- यस प्रदेशमा पर्याप्त मात्रामा मकैको उत्पादन हुनुका साथै व्यावसायिक बंगुर तथा कुखुरापालन गर्ने प्रचलन बढ्दै गएकोमा पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने ।
- पर्यटकीय गन्तव्यहरुको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान गरी पर्यटन उद्योगलाई प्रोत्साहन गर्न सकिने ।
- युवा उद्यमशीलता विकास तालिम तथा औद्योगिक जनशक्ति सिर्जना, उद्यमशिलता विकास सम्बन्धी ज्ञान, सीप तथा तालिमले विदेश पलायन भएका युवा उद्यमी व्यवसायी समेत आकर्षित हुन सक्ने । प्रदेशमा पछिल्लो समय रोजगारीका लागि विदेश गएर घर फर्केका युवा विभिन्न उद्योगमा लगानी गर्दै आएका छन् ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशका ९ जिल्लाहरुमा ४८ वटा पर्यटकस्तरीय होटलहरु सञ्चालनमा रहेका छन् । समीक्षा अवधिमा पर्यटकस्तरीय होटल तथा लजको संख्यामा ४.३५ प्रतिशतले वृद्धि भएको छ भने होटल शैंयाको संख्या १.०५ प्रतिशतले बढेर १ हजार ६ सय ३५ पुगेको छ । समीक्षा अवधिमा अध्ययन क्षेत्रका होटलहरुको औषत अकुपेन्सी ३८.५२ प्रतिशत रहेको छ । यसैगरी, पर्यटकस्तरीय होटल तथा लजमा प्रत्यक्ष रोजगारी संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.६६ प्रतिशतले बढ्न गई ६ सय ६ पुगेको छ ।

समीक्षा अवधिमा यस प्रदेशमा ६ हजार ७ सय २ जना भारतीय, १ सय ६३ चिनियाँ तथा २ हजार २ सय ३३ तेस्रो मुलुकको गरी जम्मा ९ हजार ९८ जना बाह्य पर्यटकहरुले भ्रमण गरेका छन् ।[२] गत वर्ष सोही अवधिको तुलनामा समीक्षा अवधिमा बाह्य पर्यटकको आगमन संख्यामा १३ प्रतिशतले ह्रास आएको देखिन्छ ।

**बक्स ३ : पर्यटन क्षेत्रको वस्तु स्थिति**

***यस प्रदेशमा रहेका ४८ वटा पर्यटक स्तरीय होटलहरुमध्ये पर्यटकीय सेवा सुविधा तथा कर्जा लगानीका आधारमा नमूनाको रुपमा छनौट गरिएका १० वटा पर्यटकस्तरीय होटलहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।***

समीक्षा अवधिमा नमुनाको रुपमा छनौट गरिएका १० होटलहरुको औसत अकुपेन्सी ४६.० प्रतिशत रहेको पाइयो । समीक्षा अवधिमा यी नमूना होटलहरुमा भारतीय पर्यटकहरु ३,३५९ जना, चिनियाँ पर्यटक ३६ जना तथा तेस्रो मुलुकबाट आएका १,२६५ जना गरी जम्मा ४,६६० जना बाह्य पर्यटकहरुले यस प्रदेशमा भ्रमण गरेको देखिन्छ ।

समीक्षा अवधिमा १९६ जना पुरुष तथा ५९ महिला गरी जम्मा २५५ जनाले यस क्षेत्रमा रोजगार पाएको देखिन्छ ।

**नमूनाको रुपमा छनौट गरिएका होटलहरुको अकुपेन्सी तथा रोजगारी विवरण**

| | **विवरण** | **आ.व. २०८०/८१ पुस मसान्तसम्म** |
|---|---|---|
| | पर्यटक स्तरीय होटल तथा लजको संख्या | १० |
| | जम्मा बेड संख्या | ६११ |
| | औषत अकुपेन्सी | ४६.० |
| **पर्यटक आगमन** | **जम्मा** | **४,६६०** |
| | भारत | ३,३५९ |
| | चीन | ३६ |
| | तेस्रो मुलुक | १,२६५ |
| **रोजगारी** | **जम्मा** | **२५५** |
| | पुरुष | १९६ |
| | महिला | ५९ |


*स्रोत : सम्बन्धित होटलहरु*

[२] *स्रोत: सम्बन्धित होटलहरु, अध्यागमन कार्यालयहरु, सुदूरपश्चिम प्रदेश ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट

समीक्षा अवधिमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्या १९.८६ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा सो संख्या ३८.९५ प्रतिशतले घटेको थियो । यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन ३.३५ प्रतिशतले वृद्धि भई रु. ३१ करोड ३६ लाख भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन ५९.४२ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या १४.७७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या २७.७३ प्रतिशतले घटेको थियो । सुदूरपश्चिम प्रदेशमा कैलाली बाहेक सबै जिल्लाहरुमा घरजग्गा रजिष्ट्रेशन संख्या र राजश्वमा वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा कैलाली जिल्लामा सबैभन्दा बढी ५२७ वटा घर/भवन नक्सा पास भएका छन् भने बैतडी र डोटी जिल्लामा घर/भवन नक्सा पास भएको छैन ।




*स्रोतः मालपोत कार्यालयहरु ।*


## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३२६, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४६२ गरी जम्मा ८४६ शाखा सञ्चालनमा छन् । यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३५८ तथा बाजुरा जिल्लामा सबैभन्दा कम २८ शाखा सञ्चालनमा छन् । गत वर्ष सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३२७, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४५७ गरी जम्मा ८४२ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए ।

**तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाका शाखा संख्या (२०८० पुस मसान्त)**

| विवरण | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त विकास बैंक | जम्मा |
|---|---|---|---|---|---|
| बाजुरा | १३ | १ | ० | १४ | **२८** |
| बझाङ | १९ | १ | ० | १९ | **३९** |
| दार्चुला | २० | २ | ० | १२ | **३४** |
| बैतडी | २१ | २ | ० | २२ | **४५** |
| डडेलधुरा | २४ | १ | ० | २८ | **५३** |
| डोटी | १९ | १ | ० | ३० | **५०** |
| अछाम | १८ | ३ | ० | ३४ | **५५** |
| कैलाली | १२९ | ३० | ५ | १९४ | **३५८** |
| कञ्चनपुर | ६३ | ११ | १ | १०९ | **१८४** |
| **जम्मा** | **३२६** | **५२** | **६** | **४६२** | **८४६** |


*स्रोतः नेपाल राष्ट्र बैंक ।*




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.३.१ निक्षेप तथा कर्जा

२०८० पुस मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप २०८० असार मसान्तको तुलनामा १.९१ प्रतिशतले बढ्न गई रु. १ खर्ब ३६ अर्ब ८३ करोड १६ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ०.४२ प्रतिशतले ह्रास आएको थियो ।




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

२०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०८० असार मसान्तको तुलनामा ७.२८ प्रतिशतले घटेर रु. १ खर्ब ४० अर्ब ६६ करोड २५ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ६.२७ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४७.७१ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.३० प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा अवधिसम्ममा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ७०.३२ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.६६ प्रतिशत प्रतिशत रहेको छ ।


### तालिका ५.२ : जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (रु. दश लाखमा)

| जिल्ला | निक्षेप तथा कर्जा (रु.दश लाखमा) | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|
| | निक्षेप | कर्जा | निक्षेप | कर्जा |
| बाजुरा | ३,१५२.०९ | ९२३.१८ | २.३० | ०.६६ |
| बझाङ | ४,७०५.७६ | १,७७४.६७ | ३.४४ | १.२६ |
| दार्चुला | ६,०४२.४९ | १,९१५.३१ | ४.४२ | १.३६ |
| बैतडी | ६,६७०.४२ | १,५९०.८५ | ४.८७ | १.१३ |
| डडेलधुरा | ७,४९४.३६ | ४,२४१.६८ | ५.४८ | ३.०२ |
| डोटी | ५,७१२.१३ | २,३५५.३२ | ४.१७ | १.६७ |
| अछाम | ५,०३२.२६ | २,४८६.३६ | ३.६८ | १.७७ |
| कैलाली | ६५,२७६.७६ | ९८,९०९.१९ | ४७.७१ | ७०.३२ |
| कञ्चनपुर | ३२,७४५.४१ | २६,४६५.९६ | २३.९३ | १८.८२ |
| जम्मा | १३६,८३१.६८ | १४०,६६२.५२ | १००.०० | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.३.२ वित्तीय समावेशीता तथा विविध कर्जा

२०८० पुस मसान्तसम्म निक्षेपतर्फ कुल खाता संख्या २०७९ पुस मसान्तको तुलनामा १३.७७ प्रतिशतले बढ्न गई ३६ लाख ३६ हजार ५ सय ११ पुगेको छ भने ऋणतर्फ कुल खाता संख्या गत पुस मसान्तको तुलनामा १८.६३ प्रतिशतले घट्न गई ८१ हजार ६ सय ७९ पुगेको देखिन्छ ।





*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८० पुस मसान्तसम्म विपन्न वर्गको कर्जा २०८० असार मसान्तको तुलनामा ५.३२ प्रतिशतले घट्न गई ११ अर्ब ८ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा ४.३७ प्रतिशतले घटेको थियो । यसैगरी, २०८० पुस मसान्तसम्म सहुलियतपूर्ण कर्जा २०८० असार मसान्तको तुलनामा ७.५४ प्रतिशतले बढ्न गई रु. १० अर्ब ४० करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा १३.२८ प्रतिशतले वृद्धि भएको थियो ।

## ५.४ फण्ड ट्रान्सफर (तोडा चलान)

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्ला बाहेक अन्य नोटकोषहरुमा यस कार्यालयबाट कुल रु. ३ अर्ब ७५ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषहरुमा रु. २ अर्ब ९५ करोड फण्ड ट्रान्सफर भएको थियो ।




*स्रोत : नेपाल राष्ट्र बैंक धनगढी कार्यालय ।*

## ५.५ यातायात

समीक्षा वर्षसम्ममा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा २.७७ प्रतिशतले वृद्धि भई १ लाख ७२ हजार ६ सय २७ पुगेको छ। यसमध्ये मोटरसाइकलको संख्या २.६९ प्रतिशतले वृद्धि भई १ लाख ४१ हजार ९ सय ९४ तथा अन्य सवारी साधनको संख्या ३.१८ प्रतिशतले बृद्धि भई ३० हजार ६ सय ३३ पुगेको छ।

**तालिका ५.३ : यातायात साधनको संख्या**


| विवरण | २०७८ पुस मसान्त | २०७९ पुस मसान्त | २०८० पुस मसान्त | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **यातायातका साधनको संख्या** | १,५९,६८५ | १,६७,९६७ | १,७२,६२७ | ५.१९ | २.७७ |
| मोटरसाईकल | १,३१,५७४ | १,३८,२७४ | १,४१,९९४ | ५.०९ | २.६९ |
| अन्य | २८,१११ | २९,६९३ | ३०,६३३ | ५.६३ | ३.१७ |

*स्रोत: यातायात व्यवस्था कार्यालयहरु ।*

## ५.६ सेवा क्षेत्र कर्जा

२०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८० असार मसान्तको तुलनामा ७.४४ प्रतिशतले घटेर रु. १ खर्ब ३ करोड ७ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३.२८ प्रतिशतले घटेको थियो। कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ७१.११ प्रतिशत रहेको छ। समीक्षा अवधिमा कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेतासम्बन्धी व्यवसायमा ४३.५३ प्रतिशत, उपभोग्य कर्जामा २८.०१ प्रतिशत, अन्य व्यवसायमा प्रवाहित कर्जा ९.०६ प्रतिशत, पर्यटनमा ३.१४, यातायात भण्डारण र संचारमा ५.०६ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पतिमा १.९३ प्रतिशत, शिक्षा क्षेत्रमा ३.४४ प्रतिशत, रियल स्टेटमा २.७७ प्रतिशत, अन्य सेवा व्यवसायमा १.४८ प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्यमा १.५७ प्रतिशत अंश रहेको छ।

**चार्ट ५.६ : सेवा क्षेत्र कर्जा प्रवाह (रु. अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ६८.५४ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश १९.१८ प्रतिशत, डडेलधुरा, डोटी, अछाम, दार्चुला, बझाङ, बैतडी, तथा बाजुरा जिल्लाको अंश क्रमश: ३.३१ प्रतिशत, १.८४ प्रतिशत, २.११ प्रतिशत, १.५३ प्रतिशत, १.४५ प्रतिशत, १.२८ प्रतिशत र ०.७६ प्रतिशत रहेको छ।

**तालिका ५.४ : सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था**

| जिल्ला | सेवा क्षेत्र कर्जा (रु. अर्बमा) | सेवा क्षेत्र कर्जा (प्रतिशतमा) |
|---|---|---|
| दार्चुला | १.५३ | १.५३ |
| बैतडी | १.२८ | १.२८ |
| डडेलधुरा | ३.३२ | ३.३१ |
| कञ्चनपुर | १९.१९ | १९.१८ |
| बझाङ | १.४५ | १.४५ |
| बाजुरा | ०.७६ | ०.७६ |
| डोटी | १.८४ | १.८४ |
| अछाम | २.११ | २.११ |
| कैलाली | ६८.५६ | ६८.५४ |
| **जम्मा** | **१००.०४** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.७ सहकारी

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको सहकारी झलक, २०७७ को तथ्याङ्क बमोजिम यस प्रदेशमा रहेका २,०६० सहकारीहरुमध्ये नमूनाको रुपमा छनौट गरिएका १० वटा सहकारीहरुको विस्तृत रुपमा अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाईयो ।


**तालिका ५.५ : नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिति**

| विवरण | आ.व.२०७८/७९ (साउन-पुस) | आ.व.२०७९/८० (साउन-पुस) | आ.व.२०८०/८१ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु. दश लाखमा) | ५४९.१८ | ६७५.८८ | ७०८.०३ | २३.०७ | ४.७६ |
| कुल बचत (रु. दश लाखमा) | ४,५९५.१४ | ४,७२१.२३ | ५,२४२.०८ | २.७४ | ११.०३ |
| कुल ऋण (रु. दश लाखमा) | ४,१६७.८७ | ४,४४७.२० | ४,६८२.२९ | ६.७० | ५.२९ |
| सदस्य संख्या | ४०,९७७ | ४५,५०६ | ४८,७५४ | ११.०५ | ७.१४ |
| कर्मचारी संख्या | १८५ | १७० | १७८ | - ८.११ | ४.७१ |
| संस्था संख्या | १० | १० | १० | | |

*स्रोत : जिल्लास्थित सम्बन्धित सहकारीहरु ।*

समीक्षा अवधिमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले संकलन गरेको कुल पुँजी गत वर्षको सोही अवधिको तुलनामा ४.७६ प्रतिशतले वृद्धि भई रु. ७० करोड ८० लाख पुगेको छ । गत वर्षको समीक्षा अवधिमा यस्तो पूँजी २३.०७ प्रतिशतले वृद्धि भई रु. ६७ करोड ५८ लाख पुगेको थियो । यसैगरी, कुल बचत गत वर्षको समीक्षा अवधिको तुलनामा ११.०३ प्रतिशतले बढ्न गई रु.५ अर्व २४ करोड २० लाख पुगेको छ । गत वर्षको समीक्षा अवधिमा यस्तो बचत २.७४ प्रतिशतले बढ्न गई रु.४ अर्व ७२ करोड १२ लाख पुगेको थियो । यसैगरी समीक्षा अवधिमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कुल ऋण गत वर्षको समीक्षा अवधिको तुलनामा ५.२९ प्रतिशतले वृद्धि भई रु.४ अर्व ६८ करोड २२ लाख पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो ऋण ६.७० प्रतिशतले वृद्धि भई ४ अर्व ४४ करोड ७२ लाख पुगेको थियो ।

**चार्ट ५.७ : नमुनाको रुपमा छनौट गरिएका सहकारीहरुको बचत तथा ऋणको अवस्था २०८०/८१ (साउन-पुस) (रु. दश लाखमा)**




***नोट :*** *सहकारी छनौट गर्दा अध्ययन क्षेत्रका प्रत्येक जिल्लाबाट १ वटाका दरले हुने गरी जम्मा ९ वटा तथा कैलाली जिल्लाबाट थप १ गरी जम्मा १० वटा सहकारी छनौट गरिएको छ ।*

समीक्षा अवधिमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या ७.१४ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कर्मचारीको संख्या ४.७१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा सदस्य संख्या ११.०५ प्रतिशतले वृद्धि भएको थियो भने कर्मचारी संख्या ८.११ प्रतिशतले घटेको थियो ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरु:

- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि बढाउनु ।
- यस प्रदेशमा भ्रमण गर्ने पर्यटकहरुको व्यवस्थित तथ्याङ्क राख्न सकिएको छैन । आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वयको अभावका कारण पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता हुन नसक्दा तथ्यमा आधारित नीति तर्जुमा गर्ने कार्य चुनौतीपूर्ण बनेको छ ।
- विद्युतीय सवारी साधनहरु सञ्चालन गर्न चार्जिङ्ग स्टेशन सहितका आवश्यक भौतिक पूर्वाधार निर्माण गर्नु ।
- बचत तथा ऋण सहकारी संस्थाहरु प्रति जनविश्वास कायम राख्न उचित नियमन तथा सुपरिवेक्षण गर्ने संयन्त्रको विकास गर्नु ।
- सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु ।
- विश्वविद्यालय, क्याम्पस र विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गरी प्रदेशमै गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण निर्माण गर्ने ।
- सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।

### सम्भावनाहरु:

- स्थानीय तथा प्रदेश सरकारबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवम् प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।

- जनसंख्याको अनुपातमा कर्जा लगानी थोरैमात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।
- सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरीलाई धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गर्न सकिने ।
- धनगढी विमानस्थललाई स्तरोन्नती गरी क्षेत्रीय विमानस्थलको रूपमा विकास गर्न सकिने ।
- प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।
- कैलालीको गेटामा स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना भएपश्चात गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने ।

**बक्स ४ : गेटा अस्पताल सञ्चालनमा**

सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लाको, गोदावरी नगरपालिका-५ गेटा स्थित करिब ५१.५ हेक्टर क्षेत्रफलमा रहेको मेडिकल कलेजमा, मेडिकल कलेज स्थापना तथा सञ्चालन गर्ने प्रयोजनका लागि शिक्षण अस्पताल स्थापना तथा सञ्चालन गर्ने सम्बन्धी मिति २०७८/१२/१४ र २०७९/०२/३१ को मन्त्रिपरिषद्को निर्णय बमोजिम हाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत गेटा अस्पतालको कार्यालय स्थापना भई २०८० कात्तिक १ गतेदेखि अस्पताल सञ्चालनमा रहेको छ । सरकारले गेटामा एक सय शैयाको अस्पताल चलाउन यस वर्ष चालुतर्फ साढे ३ करोड र पुँजीगततर्फ ८० करोड रकम विनियोजन गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०८०/०६/१२ को माननीय मन्त्रीस्तरीय निर्णयानुसार आर्थिक वर्ष २०८०/८१ का लागि विभिन्न राजपत्र अनंकित सहायकस्तर र श्रेणीविहिन गरी ११० जना र नेपाल सरकार मन्त्री परिषद्को मिति २०८०/०६/१६ को निर्णयानुसार राजपत्राकिंत तथा अधिकृतस्तर ३१ गरी १४१ जनाको अस्थायी दरबन्दी संरचना स्वीकृत भएको छ ।



**स्रोत :** ***https:/khabarujyalo.com/07/46858/***

प्रशासनिक तथा व्यवस्थापकीय साथै स्वास्थ्य सेवा सञ्चालन प्रयोजनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य सेवा विभागको सहयोगमा चिकित्सक तथा स्वास्थ्यकमीहरु व्यवस्थापन कार्य भईरहेकोमा निर्देशक सहित चिकित्सक तथा स्वास्थ्यकर्मीहरु लगायतका हाल ३२ जना जनशक्ति गेटा अस्पतालमा हाजिरी भएको एवं न्युनतम सेवा सञ्चालनका लागि मेडिकल सामानहरु हस्तान्तरण भई प्राप्त भएको अवस्था रहेको छ ।

गेटा अस्पतालले मिति २०८०/७/१ देखि जनरल ओपिडी हाडजोर्नी तथा नसारोग ओपिडी, स्त्रीरोग सेवा ओपिडी, जनरल सर्जरी, अल्ट्रासाउण्ड सेवा, एक्स-रे सेवा, प्रयोगशाला सेवा, फार्मेसी सेवा, गर्भवती चेकजाँच तथा खोप सम्बन्धी सेवा सुचारु गरेको छ । साथै मिति २०८० कार्तिक १ देखि फागुन १५ गते सम्म ५११ पुरुष र ६८२ महिला गरी जम्मा १ हजार १९३ जनाले सेवा लिएका छन् । आर्थिक वर्ष २०८१/८२ मा ३०० शैयाको बनाई सम्पूर्ण अस्पतालमा हुने सेवा सुविधा सम्पन्न गराउने योजना रहेको छ ।

*स्रोत : गेटा अस्पताल, कैलाली ।*
*https://www.swasthyadarpannews.com/news/17913;*

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

२०८० फागुनसम्ममा राष्ट्रिय रुपमा विद्युतको पहुँच (वैकल्पिक उर्जा समेत) पुगेको जनसंख्या ९७.७ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ८३.५ प्रतिशत रहेको छ। त्यसैगरी, सोही अवधिसम्ममा कुल राष्ट्रिय विद्युत् उत्पादन २ हजार ९ सय ७६ मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशमा १७१ मेगावाट विद्युत उत्पादन भएको छ । आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म यस प्रदेशको जम्मा ८७ स्थानीय तहहरुमध्ये ६ वटा स्थानीय तहको केन्द्रसम्म सडक पहुँच नपुगेको र २६ वटा स्थानीय तहको केन्द्रसम्म सडक पुगेको तर पक्की हुन बाँकी रहेको देखिन्छ ।[३]

**तालिका ६.१ : सडक पूर्वाधारको स्थिति**

| नाम | स्थानीय तह | केन्द्रसम्म सडक पहुँच नपुगेको | | केन्द्रसम्म सडक पुगेको तर पक्की हुन बाँकी सडक | | जम्मा सडकको लम्बाई |
|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | सडकको लम्बाई | स्थानीय तह | सडकको लम्बाई | |
| | संख्या | | कि.मि. | संख्या | कि.मि. | |
| सुदूरपश्चिम प्रदेश | ८७ | ६ | ८६ | २६ | ४७२ | ५५८ |
| **नेपाल** | ७५३ | २१ | ४४७ | २०० | २९३६ | ३३८३ |

*स्रोत: सहरी विकास मन्त्रालय, २०८०।*

पूर्वाधार विकास कार्यालयहरुबाट समीक्षा अवधिमा ९१ कि.मि. ग्राबेल सडक निर्माण, ८ कि.मि. पक्की सडक निर्माण भई कुल ५ हजार ३ सय जनसंख्या लाभान्वित भएका छन् ।[४]

## ६.२ प्रदेशका ठुला परियोजनाहरुको स्थिति

### (क) महाकाली सिँचाई आयोजना

कञ्चनपुर जिल्लामा अवस्थित महाकाली सिँचाई आयोजना नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०८/३० को निर्णय बमोजिम राष्ट्रिय गौरवको आयोजनामा स्तरनोति भएको हो । यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ । सन् १९९६ मा नेपाल र भारत बिच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्युसेक र गर्मी याममा १,००० क्यूसेक पानी पाउने व्यवस्था रहेको छ ।



**स्रोत : स्थलगत सर्वेक्षण ।**

यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो रुपमा सिँचाई सुविधा उपलब्ध गराई कृषकको आय आर्जनमा बृद्धि गरी लगभग १,३५,००० नागरिकको जीवनस्तर सुधार गर्ने अपेक्षा राखिएको छ । वि.सं. २०८७/८८ मा सम्पन्न हुने लक्ष्य लिइएको उक्त आयोजनाको अनुमानित कुल लागत ३५ अर्ब रहेको छ । समीक्षा अवधिसम्म १,००० हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा उपलब्ध भएको छ । महाकाली सिंचाई आयोजनाको कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम २०८० पुस मसान्तसम्म उक्त आयोजनाको भौतिक प्रगति

---

[३] *आर्थिक सर्वेक्षण २०८०/८१*

[४] *अर्ध-वार्षिक मूल्याङ्कन प्रतिवेदन, सुदूरपश्चिम प्रदेश (२०८०/८१)।*

२० प्रतिशत र वित्तीय प्रगति पनि २० प्रतिशत रहेको छ । बजेट अभाव, रूख कटानमा समस्या र जमिन अधिग्रहण हुन नसक्दा सिँचाई आयोजनाको प्रगति प्रभावित हुन पुगेको देखिन्छ ।

**बक्स ५ : रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट बिजुली उत्पादन सुरू**

सुदूरपश्चिम प्रदेशस्थित राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाको नहरमा निर्मित हाइड्रोपावर परियोजनाबाट २०८० माघ १६ गतेबाट बिजुली उत्पादन सुरु भएको छ। उक्त आयोजनाको विद्युत् गृहबाट उत्पादित विद्युत २०७८ कार्तिक १ गतेबाट राष्ट्रिय प्रशारण लाईनमा जोडिने लक्ष्य रहेकोमा २०७८ असारमा आएको बाढीले निर्माणाधीन संरचनामा क्षति पुगेकोले २ वर्ष ढिलो निर्माणको काम सम्पन्न भएको हो ।

रानीजमराको मुल नहरको पानीबाट जानकी गाउँपालिका-९ कटाँसेमा पावर हाउस निर्माण गरी उत्पादन भएको विद्युत ६ किलोमिटर दुरीमा पर्ने लम्कीस्थित प्रसारण लाईनमा जोडिएको छ। रानी जमरा कुलरिया सिँचाइ आयोजनाको इनटेक बाँधदेखि १० किलोमिटर रहेको हाइड्रोपावरबाट ४.७१ मेगावाट बिजुली उत्पादन भइरहेको छ। नहरबाट करिब साढे ७ मिटर तल पानी खसालेर ३ वटा टर्वाइनबाट बिजुली उत्पादन गर्नेगरी २०७१/७२ सालमा भारतको स्युटी एण्ड नेपालको टुडी कम्पनीले संयुक्त रुपमा रु. १ अर्ब ९८ करोडमा निर्माणको ठेक्का सम्झौता गरेको थियो ।





२०८०/८१ मा परियोजना सम्पन्न गर्ने लक्ष्य रहेको रानी जमरा कुलरिया सिँचाइ आयोजनाको २०८० पुष मसान्तसम्मको भौतिक प्रगति ७२ प्रतिशत र वित्तीय प्रगति ७० प्रतिशत रहेको छ। यस आयोजनाको मूल उद्देश्य रानी जमरा कुलरिया सिंचाइ प्रणालीको १४,३०० हेक्टर, नयाँ शाखा नहर विस्तार (लम्की विस्तार) को ६००० हेक्टर र सिंचित क्षेत्र विस्तार अन्तर्गत पथरैया देखि कान्द्रा नदी सम्मको थप १८००० हेक्टर गरि जम्मा ३८,३०० हेक्टर खेति योग्य जमिनमा वर्षै भरि सिंचाइ सुबिधा उपलब्ध गराउनु रहेकोमा हाल जम्मा १४,३०० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा उपलब्ध रहेको छ ।

*स्रोत: रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कार्यालय, कैलाली ।*

## (ख) दोधारा-चाँदनी सुख्खा बन्दरगाह तथा एकीकृत जाँच चौकी

नेपाल सरकारको २०८०/८१ को नीति तथा कार्यक्रमको बुँदा नं ६० मा तीन वर्षभित्र दोधारा चाँदनी सुक्खा बन्दरगाह निर्माण गरिने र महाकाली करिडोर निर्माणलाई प्राथमिकतामा राखिने विषय उल्लेख भएकोमा सम्माननीय प्रधानमन्त्रीको २०८० जेठमा भारत भ्रमणका क्रममा उक्त बन्दरगाह र एकीकृत जाँचचौकी निर्माण गर्ने जिम्मा भारतलाई दिने सहमति भएको छ। दोधारा चाँदनीमा सुख्खा बन्दरगाह र एकीकृत भन्सार जाँच चौकी निर्माणसँगै सुदूरपश्चिम प्रदेशमा विकासको ढोका खुल्ने आशा गरिएको छ । दोधारा चाँदनी नगरपालिकाको गौरीशङ्कर र मायापुरी सामुदायिक वन क्षेत्रको २ सय

८० बिघा जमिन अधिग्रहण गरी सुक्खा बन्दरगाह निर्माण हुनेछ। झन्डै रु. ६ अर्ब लागतमा चाँदनी दोधारामा एकीकृत भन्सार जाँच चौकी (आइसिपी) निर्माण हुनेछ। निर्माण पश्चात् भारतको दिल्ली, गुजरात लगायतबाट सुक्खा बन्दरगाहबाट सोझै सुदूरपश्चिममा विभिन्न सामान आयात तथा निर्यात गर्न सकिनेछ।

### (ग) महाकाली पुल आयोजना



स्रोत : स्थलगत सर्वेक्षण।

महाकाली नदीमा २३.८ मि. चौडाई भएको चार लेनको ८०० मि. पुल निर्माण गर्ने मुख्य लक्ष्य रहेको यस आयोजनको कुल लागत ४१८ करोड रहेको छ। त्यसैगरी ४ लेन र २ सर्भिस लेनको पक्कि RCC नाली सहित ७.८ कि.मि. पहुँच सडक, पहुँच सडकमा पर्ने पुल, नदि नियन्त्रण कार्य र पुलको दायाँ र बायाँ दुबै तर्फ ५.६ कि.मि. तटबन्ध निर्माण गरी Landscaping and Pond Development गर्ने समेत आयोजनाको लक्ष्य रहेको छ। यस आयोजनको निर्माण कार्य २०७४ साल भाद्र ७ गतेबाट सुरु भएको हो भने २०८० चैत १५ भित्र सम्पन्न गर्ने लक्ष्य लिईएकोमा हाल आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। २०८० पुस मसान्तसम्म पुल योजनाको समग्र कार्यमा ९५ प्रतिशत प्रगति भएको छ भने उक्त आयोजनामा १५० जना पुरुष तथा ६० जना महिला गरी जम्मा २१० जनाले रोजगारी समेत पाएका छन्।

## ६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति

सुदूरपश्चिम प्रदेश सरकारले सवै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी प्रदेश गौरवका सडक आयोजनाको रुपमा निर्माण कार्य सञ्चालनमा रहेको छ। यसबाट सुदूरपश्चिम प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडी परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ।

**तालिका ६.२ : प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण**

| क.सं. | जिल्ला | आयोजनाको नाम | २०८० पुस मसान्तसम्मको अवस्था |
|---|---|---|---|
| १. | बाजुरा | खप्तड-मार्तडी सडक (सिङ्गडा-जय बागेश्वरी गैरीखाँद डोगडी आटीचौर-मार्तडी सडक) | जम्मा ६० कि.मि. सडकमध्ये हाल यो सडक खण्ड अन्तर्गत २० कि.मि. कालोपत्रे र ३० कि.मि. upgrading को निर्माण कार्य भइरहेको। |
| २. | बैतडी | सतबाज-श्रीभावर-हाट-दार्चुला सडक | जम्मा ९० कि.मि. सडकमध्ये ५३ कि.मि. निर्माणको ठेक्का भएकोमा हाल ६ कि.मि. कालोपत्रे र १७ कि.मि. स्तरोन्नतीको कार्य भईरहेको। |
| ३. | अछाम | चिसापानी-ऋषिदह-वडिमालिका सडक | जम्मा २०३ कि.मि मध्ये ३५ कि.मि. निर्माण सम्पन्न |
| ४. | डडेल्धुरा | दैजी-पोखरा-ढुङ्गाड-बझाङ सडक | पोखरा (बेलापुर सडक खण्ड १८ कि.मि. गाईबादे लिप्ना सडक खण्ड १२ कि.मि. सलोन चिर्किट्टे सडक खण्ड ४५ कि.मि. गरी जम्मा ७५ कि.मि. सडक निर्माणाधीन र जोगबुढा लिप्ना सडक खण्ड ५ कि.मि. निर्माण सम्पन्न। |
| ५. | दार्चुला | खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी सडक | जम्मा ९३ कि.मि. सडक मध्ये ३२ कि.मि. निर्माणको ठेक्का सम्झौता भई हाल ६ कि.मि. कालोपत्रे र २१ कि.मि. स्तरोन्नतीको कार्य भइरहेको। |
| ६. | बझाङ | दिपायल-साईपाल सडक | विस्तृत ईन्जिनीयरिङ्ग अध्ययन भएको २५ कि.मि. मध्ये १४ कि.मि. सडकको निर्माण कार्य चलिरहेको। |
| ७. | डोटी | सहजपुर-बोक्टान-दिपायल सडक | रानागाउँ-वायल-बासुदेवी-मडघर सडक खण्डको ३१ कि.मि. निर्माणाधीन तथा राजपुर-रानागाउँ-वायल सडक खण्डको १७ कि.मि. निर्माण सम्पन्न। |

| | | | |
|---|---|---|---|
| ८. | कञ्चनपुर | बेलौरी-कलुवापुर-नाइल-बुडर | ४३ कि.मि. मध्ये ३८ कि.मि. बनेको र ९.१ कि.मि. सडक निर्माण कार्य चलिरहेको । १७.४३ कि.मि. कालोपत्रे सम्पन्न । |
| ९. | कैलाली | भजनी-छोटी भन्सार खेमडी ठुलीगाड सडक | ३८ कि.मि. डि.पि.आर, ५ कि.मि. ग्राबेल सडक निर्माण, २५ कि.मि कालोपत्रे (पुरानो-ओटासिल), ३ कि.मि. सडक निर्माणाधीन । सम्पूर्ण संरचना निर्माण भई सडक कालोपत्रे गने कार्य बाँकी रहेको । |

*स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।*

## ६.४ वैदेशिक तथा आन्तरिक रोजगारी

### (क) वैदेशिक रोजगारी :

आर्थिक वर्ष २०८०/८१ को समीक्षा अवधिसम्ममा यस प्रदेशबाट ९ हजार ४ सय ४७ जना पुरुष तथा ९ सय ४२ जना महिला गरी जम्मा १० हजार ३ सय ८९ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ। जुन समग्र देशभरिबाट श्रम स्वीकृति लिने संख्याको झण्डै ३.०५ प्रतिशत हुन आँउछ। सुदूरपश्चिम प्रदेशको वैदेशिक रोजगारीको प्रमुख गन्तव्य भारत रहेको छ।[५]

### (ख) आन्तरिक रोजगारी :

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ को प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशमा औषत वेरोजगारी दर समग्र नेपालको भन्दा ०.१ प्रतिशतले बढी रहेको छ। सबैभन्दा बढी बेरोजगार दर मधेश प्रदेशमा २०.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम ७.० प्रतिशत बागमती प्रदेशमा रहेको छ। सुदूरपश्चिम प्रदेशको बेरोजगारी दर ११.५ प्रतिशत रहेको छ।

**तालिका ६.३ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था**

| | स्थानीय तहको संख्या | आयोजना प्रविष्ट गरेका स्थानीय तहको संख्या | आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्तिको संख्या | जम्मा रोजगारी दिन | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम | ८८ | ८० | १,२१० | ७२१ | ४७,४२२ | ६५.७७ |
| नेपाल | ७५३ | ५८५ | ७,५८१ | ६,६९९ | ४,०८,१४८ | ६०.९३ |

*स्रोत: आर्थिक सर्वेक्षण २०८०/८१ (फागुन मसान्तसम्म) ।*

चालु आर्थिक वर्षको फागुनसम्म औषत रोजगारी दिन कर्णाली प्रदेशमा सबैभन्दा बढी ७१.६, मधेस प्रदेशमा सबैभन्दा कम ३४.८ रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ६५.७७ रहेको छ। सुदूरपश्चिम प्रदेशमा औपचारिक क्षेत्रमा काम गर्ने जनशक्ति १४.८ प्रतिशत रहेको छ भने अनौपचारिक क्षेत्रमा काम गर्ने जनशक्ति ८५.२ प्रतिशत रहेको छ।

## ६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरु:

- भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु। प्राकृतिक प्रकोप (बाढी, पहिरो) को कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुने गरेको छ।
- ठूला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधनको जोहो गर्नु।

[५] *वैदेशिक रोजगार विभाग, मासिक श्रम स्वीकृति विवरण, आ.व.२०८०/८१ ।*

- प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्नु ।
- पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थित गर्दै स्थानीय आवश्यकता अनुसार विकास निर्माणका योजना बनाउनु ।
- उद्योग सञ्चालन प्रोत्साहनका लागि सुपथ मुल्यमा भरपर्दो विद्युतीय सेवाको उपलब्धता प्रदेशका दुर्गमा क्षेत्रमा समेत गराउनु ।
- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वयको विकास गरी निर्माण कार्य व्यवस्थित गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- यस प्रदेशबाट वैदेशिक रोजगारीमा जानेको संख्या प्रत्येक वर्ष उच्च दरमा वृद्धि हुँदै गईरहेको परिप्रेक्ष्यमा प्रदेश भित्रै पर्याप्त रोजगारी सिर्जना गरी दक्ष जनशक्ति तथा कामदारहरुको विदेशीने प्रवृति न्यूनीकरण गर्नु ।
- यस प्रदेशका अधिकांश उद्योगहरु भारतीय दक्ष कामदार तथा आयातीत कच्चा पदार्थमा निर्भर रहेकोले स्वदेशी कामदारको दक्षता अभिवृद्धि गरी स्थानीय कच्चा पदार्थको प्रवर्द्धन तथा सुपथ मुल्यमा कच्चा पदार्थ आयात गर्न सकिने व्यवस्था गरी भारतीय कामदारलाई विस्थापित गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ ।

### सम्भावनाहरुः


- राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने ।
- निर्माण क्षेत्रमा दक्ष जनशक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर आदी लगायत अन्य श्रमिक मजदुरहरू अधिकांश छिमेकी भारतीय राज्यका रहेका छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरू अदक्ष कामदारको रूपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरू प्रशस्त रहेकोले बजारको मागको आधारमा थप दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गर्न सक्ने सम्भावना रहेको ।
- बेरोजगार व्यक्तिहरूलाई कृषि सहकारी वा कृषक समूहको माध्यमबाट कृषि पकेट क्षेत्रहरूको विकास गरी कृषि पेशालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई कृषि क्षेत्रमा थप रोजगारीका अवसरहरू सृजना गरी कृषिमा आत्मनिर्भर बनाउन सकिने ।

# परिच्छेद ७ : प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति

आ.व. २०८०/८१ का लागि सुदूरपश्चिम प्रदेश सरकारले कुल रु.२९ अर्ब २६ करोड ५९ लाख बजेट बिनियोजन गरेकोमा बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार समीक्षा अवधिमा ४ अर्ब ६१ करोड १६ लाख खर्च भएको छ जुन कुल विनियोजनको १५.७६ प्रतिशत हो। आ.व. २०७९/८० मा बिनियोजन भएको बजेटको ६५.४८ प्रतिशत खर्च भएको थियो।

चार्ट ७.१ : कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था (रु.अर्बमा)




*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश।*

आर्थिक वर्ष २०८०/८१ मा चालु खर्चतर्फ बिनियोजन भएको रु.११ अर्ब ९४ करोड मध्ये समीक्षा अवधिसम्ममा रु. २ अर्ब ५६ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको २१.४४ प्रतिशत हो। गत वर्षको सोही अवधिमा यस्तो खर्च २१.२९ प्रतिशत रहेको थियो। त्यसैगरी, पुँजीगत खर्चतर्फ बिनियोजन भएको रु.१७ अर्ब २ करोडमध्ये रु.२ अर्ब ४ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ११.९९ प्रतिशत हो। गत वर्षको सोही अवधिमा समेत यस्तो खर्च १०.९१ प्रतिशत रहेको थियो।

सुदूरपश्चिम सरकारले आ.व. २०८०/८१ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु. १४ अर्ब ८४ करोड ४० लाख अनुमान गरेकोमा कुल रु. ८ अर्ब ७१ करोड ३७ लाख राजश्व परिचालन गरेको छ जुन कुल राजश्व अनुमानको ५८.६९ प्रतिशत हो। आ.व. २०८०/८१ मा सुदूरपश्चिम सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब ४२ करोड १९ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा समीक्षा अवधिसम्म कुल रु.३ अर्ब ५६ करोड १ लाख अनुदान प्राप्त गरेको छ। प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानको अंश क्रमश: २५ प्रतिशत, २३.९९ प्रतिशत र २५/२५ प्रतिशत रहेको छ।

**तालिका ७.१ : सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण**

| शीर्षक | आ.व. २०७९/८० (साउन-पुस) | | आ.व. २०८०/८१ (साउन-पुस) | | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यर्थाथ | बजेट | यर्थाथ | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) |
| कुल बजेट विनियोजन (अर्बमा) | ३६.४५ | १३.४२ | २९.२६ | १२.२७ | ३६.८२ | ४१.९३ |
| चालु खर्च (अर्बमा) | १२.२६ | २.६१ | ११.९४ | २.५६ | २१.२९ | २१.४४ |
| पूँजीगत खर्च (अर्बमा) | २४.१९ | २.६४ | १७.०२ | २.०४ | १०.९१ | ११.९९ |
| कुल राजश्व* (अर्बमा) | ११.६५ | ३.६२ | १४.८४ | ८.७१ | ३१.०७ | ५८.६९ |
| अनुदान (अर्बमा) | १७.५६ | १.८६ | १४.४२ | ३.५६ | १०.५९ | २४.६९ |

**राजस्व बाँडफाँट, आन्तरिक आय परिचालन र रोयल्टी आम्दानी गरी जम्मा।*
*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश।*

## ७.२ स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक अध्ययन प्रतिवेदनमा सुदूरपश्चिम प्रदेशमा रहेका ८८ वटा स्थानीय तहहरुमध्ये जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका ५ वटा स्थानीय तहहरु छनौट गरी अध्ययन गरिएको छ । सुदूरपश्चिम प्रदेशमा विनियोजित भएको बजेटको करीब २१.७५ प्रतिशत हिस्सा छनौटमा परेका ५ वटा स्थानीय तहहरुमा विनियोजित बजेटको रहेको छ ।

**तालिका ७.२ : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा)**

| स्थानीय निकाय | आ.व.२०७९/८० (साउन-पुस) | | आ.व.२०८०/८१ (साउन-पुस) | | प्रगति (प्रतिशत) (साउन-पुस) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०७९/८० | २०८०/८१ |
| धनगढी उपमहानगरपालिका | १.९७ | ०.५४ | १.९३ | ०.५५ | २७.१७ | २८.५५ |
| गोदावरी नगरपालिका | १.२८ | ०.२३ | १.२३ | ०.३४ | १८.२२ | २७.६६ |
| टिकापुर नगरपालिका | १.१० | ०.९१ | ०.८७ | ०.२३ | ८३.३३ | २६.७० |
| लम्कीचुहा नगरपालिका | १.१३ | ०.३६ | ०.९९ | ०.३० | ३१.५७ | ३०.०२ |
| भिमदत्त नगरपालिका | १.४० | १.१५ | १.३४ | ०.४४ | ८२.४० | ३२.७४ |
| **जम्मा** | **६.८९** | **३.१९** | **६.३६** | **१.८६** | **४६.३८** | **२९.२३** |

*स्रोत: सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

छनौटमा परेका स्थानीय तहहरुमा कुल ६ अर्ब ३६ करोड बजेट विनियोजन भएकोमा समीक्षा अवधिसम्ममा १ अर्ब ८६ करोड खर्च भएको छ । जुन कुल विनियोजित बजेटको २९.२३ प्रतिशत हुन आउँछ । यस्तो बजेट गत आर्थिक वर्षको सोही अवधिसम्म ६ अर्ब ८९ करोड विनियोजन भएकोमा ३ अर्ब १९ करोड खर्च भएको थियो । जुन कुल विनियोजित बजेटको ४६.३८ प्रतिशत हुन आँउछ ।


**तालिका ७.३ : आ.व.२०८०/८१ (साउन-पुस) मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा)**

| स्थानीय निकाय | भौतिक पूर्वाधार | कृषि | उद्योग | पर्यटन |
|---|---|---|---|---|
| धनगढी उपमहानगरपालिका | १७.१४ | १०.२१ | ५.४५ | ७.५६ |
| गोदावरी नगरपालिका | १३.२३ | ६.१९ | ३८.४१ | - |
| टिकापुर नगरपालिका | ११.७८ | ६.४३ | ६.८७ | २३.६८ |
| लम्कीचुहा नगरपालिका | २२.९८ | २२.७८ | ४४.३ | ३.६३ |
| भिमदत्त नगरपालिका | १४.६ | ११.४७ | ३५.३८ | ०.२५ |

*स्रोत: सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

समीक्षा अवधिमा छनौटमा परेका स्थानीय तहहरुको बजेट विनियोजन प्राथमिकतामा परेका शीर्षकहरु जस्तै भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन आदीको कार्यान्वयन अवस्था देहायबमोजिम रहेको देखिन्छ ।

**चार्ट ७.२ : आ.व. २०८०/८१ मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा)**




*स्रोत: सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

# परिच्छेद ८: आर्थिक परिदृष्य

यस परिच्छेदमा सुदूरपश्चिम प्रदेशमा कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरुसँग गरिएको प्रश्नावली, सर्वेक्षण छलफल तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०८०/८१ को बाँकी अवधिको लागि कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि क्षेत्र

पछिल्लो समय कृषिमा यान्त्रिकरण र आधुनिकीकरण बढेको, सिँचित क्षेत्रफल विस्तार, उन्नत जातको बीउ प्रयोगमा वृद्धि, सन्तुलित मलखादको प्रयोगमा सुधार तथा चैते धानको क्षेत्रफल वृद्धि, बसन्ते मकै उत्पादन अभियान सञ्चालन, तरकारी खेतीमा युवाहरुको आकर्षण, विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरुको बढ्दो सहयोग, उन्नत बीउ र प्रविधिहरुको बढ्दो प्रयोग, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक कृषि तथा तरकारी खेतीमा संलग्नता आदी कारणले समग्रमा कृषि उत्पादन अनुमानित १० देखि १५ प्रतिशतले वृद्धि हुने देखिन्छ । यस प्रदेशमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाखा ब्लक कार्यक्रमको सञ्चालन, प्रदेश सरकारद्धारा घुम्ती भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन, बाखा पकेट क्षेत्रमा वृद्धि, भैंसी प्रर्वद्धन कार्यक्रम सञ्चालन, पशुपालन क्षेत्रमा बीमा योजना, व्यावसायिक कुखुरापालन तथा माछापालन विस्तारले दुध, मासु, अण्डा र माछाको उत्पादन समग्रमा ८ देखि ११ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.२ औद्योगिक क्षेत्र

समीक्षा अवधिमा बैंक व्याजदर घट्दो क्रममा रहेको, अर्न्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र औद्योगिक कच्चा पदार्थको मूल्य समायोजन हुँदै घट्ने क्रम रहेको, प्रदेशमा रहेका उद्योगहरुको क्षमता उपयोगमा वृद्धि देखिएको, औद्योगिक क्षेत्र चलायमान बन्दै गईरहेको, नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लिएका नीतिका कारण थप पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढने अनुमान गरिएको छ ।

## ८.३ सेवा क्षेत्र

शिथिल विश्व अर्थतन्त्र तथा समष्टिगत माग विस्तारमा कमी आएको कारण यस प्रदेशमा रहेका होटलहरुको औसत अकुपेन्सी दर र पर्यटक आगनम संख्यामा पछिल्ला महिनाहरुमा ह्रास आएको छ । विश्व अर्थतन्त्रमा क्रमिक सुधार आई स्वदेशमा पनि ब्याज दर क्रमशः घटदै जाँदा आर्थिक गतिविधिमा पनि सुधार हुने र स्वदेशी तथा विदेशी पर्यटक आगमनमा पनि विस्तार हुने सम्भावना देखिन्छ । वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या वृद्धि हुँदै गएकोले आगामी दिन विप्रेषण आप्रवाह वृद्धि भई आयातमा वृद्धि हुन सक्ने, डिजिटल प्रविधिको बढ्दो प्रयोग, आन्तरिक तथा बाह्य हवाई सेवामा वृद्धि, यातायात, संचार, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गरिने लगानीमा वृद्धि हुने लगायतको कारणले सेवा क्षेत्र विस्तार हुने अनुमान गरिएको छ । त्यसैगरी, भू-उपयोग नियमावली संशोधन र कित्ताकाट सम्बन्धी व्यवस्थाहरु खुकुलो बन्दै गएकोले आगामी दिनमा घरजग्गा कारोबार समेत सकरात्मक रुपमा बढ्ने अनुमान गरिएको छ ।

## ८.४ पूर्वाधार क्षेत्र

स्थानीय, प्रदेश तथा संघीय सरकारबाट यस प्रदेशका विभिन्न जिल्लाहरुमा सडक विस्तार तथा स्तरोन्नतीको कार्य भईरहेको, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनाहरु निर्माण भईरहेको, प्रदेश सरकारका भौतिक पूर्वाधार विकास अन्तर्गतका बजेट र योजनाहरु कार्यान्वयनका क्रममा रहेको, साना तथा ठूला जलविद्युत आयोजना निर्माणको क्रममा रहेको कारणले स्थानीय स्तरमा रोजगारी सिर्जना भई समग्र आर्थिक क्रियाकलापहरुमा वृद्धि हुने अनुमान गरिएको छ ।